मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ३ | अंक २८० | २०८२ साल भाद्र १६ गते सोमबार | Monday 01, September 2025 | सूर्योदयः बिहान ५:४४ बजे | सूर्यास्तः साँझ ६:२५ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## इन्धनको मूल्य घट्यो

**काठमाडौँ ।**
नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बैठकले आइतबार रातिदेखि लागू हुने गरी डिजेल–मट्टितेलमा प्रतिलिटर चार रुपैयाँ, इवाई इन्धन (आन्तरिकतर्फ) मा एक रुपैयाँ र हवाई इन्धन अन्तरराष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी डलर सातले घटाएको हो ।
पेट्रोल तथा एलपी ग्यासको बिक्री मूल्य भने यथावत् राखिएको छ । नयाँ बिक्री मूल्यअनुसार डिजेल–मट्टितेलको खुद्रा बिक्री मूल्य प्रतिलिटर क्रमशः १ सय ४२ रुपैयाँ ५० पैसा, १ सय ४४ रुपैयाँ र १ सय ४५ रुपैयाँ तोकिएको छ ।
यस्तै, आन्तरिकतर्फको हवाई इन्धनको मूल्य प्रतिलिटर १ सय २७ रुपैयाँ तोकिएको छ । हवाई इन्धन अन्तरराष्ट्रियतर्फ काठमाडौँका लागि प्रतिकिलोलिटर अमेरिकी डलर ९ सय ६६ निर्धारण गरिएको निगमले जनाएको छ । इन्डियन आयल कर्पोरेसनबाट मूल्य घटेर आएकाले नेपाली बजारमा मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

### जनकपुरमा झडपः

# प्रहरीले चलाएको गोली लागेर एकजना घाइते
# ७ प्रहरी अस्पताल भर्ना




**दिपक कर्ण**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–२०, देवपुरा रूपैठास्थित झण्डाचोकमा हिन्दू र मुस्लिम समुदायबीच आइतबार पुनः झडप भएको छ । धनुषा प्रहरीले दिएको जानकारीअनुसार झडप नियन्त्रणमा लिन प्रहरीले गोली चलाएको छ । स्थिति नियन्त्रणमा लिन प्रहरीले चलाएको गोली लागेर एकजना घाइते भएका छन् । घाइते हुनेमा देवपुरा रूपैठाका २९ वर्षीय लक्ष्मण मुखिया छन् । उनको दुवै घुँडामा गोली लागेको छ । उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको छ । यस्तै झडपमा ७ जना प्रहरी र केही सर्वसाधारणसमेत घाइते भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बरुणबहादुर सिंहले जानकारी दिए ।
घाइते सातजना प्रहरीको पनि प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको उनले बताए । शनिबार स्थानीय झण्डाचोकमा रहेको टावरलाइट पोलमा मुस्लिम समुदायले हरियो झण्डा लगाएको विषयलाई लिएर विवाद शुरु भएको थियो ।
गणेश पूजाको मूर्ति विसर्जन गरी फर्कने क्रममा हिन्दू समुदायले झण्डा हटाउने प्रयास गर्दा दुई समुदायबीच ढुङ्गामुढासहित झडप भएको हो । प्रहरीले स्थिति नियन्त्रणमा लिन चार राउन्ड अश्रुग्यास प्रहार गरेको थियो । डिएसपी सिंहका अनुसार आइतबार दुवै पक्षका भद्र व्यक्तिहरू र प्रहरी प्रशासनबीच बैठक बसेर सहमति बनाइएको थियो ।
त्यस अनुसार मुस्लिम समुदायले आफ्नो झण्डा हटाएको थियो । तर, हिन्दू समुदायले आफ्नो झण्डा हटाउने क्रममा ढुङ्गामुढा शुरु गरेपछि प्रहरीले हस्तक्षेप गर्नु परेको हो । घटनापछि झण्डाचोक वरिपरि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको बाक्लो सुरक्षा व्यवस्था गरिएको छ ।
डिएसपी सिंहले भने, ‘कुनै अप्रिय घटना नहोस् भनेर सुरक्षा कडा बनाइएको छ । हालसम्म कोही गम्भीर घाइते वा ठूलो क्षति भएको विवरण प्राप्त भएको छैन ।’ स्थानीयवासीले भने घटनाले समुदायबीच अविश्वास र तनाव बढाउने चिन्ता व्यक्त गरेका छन् । केही समय आवागमन अवरुद्ध भएको र स्थानीयहरूको त्रास बढेको प्रहरीले जनाएको छ । जनकपुरधाममा विगतमा पनि धार्मिक गतिविधिसँग सम्बन्धित विवादका कारण तनाव सिर्जना हुने घटना हुँदै आएका छन् । यस पटकको झडपले फेरि समुदायबीच अविश्वास बढाउने सम्भावना देखिन्छ । प्रशासनले स्थिति नियन्त्रणमा रहेको र आवश्यक कदम उठाइसकिएको जानकारी दिएको छ ।

# प्रदेश सरकारले पूर्वाधार विकासमा फड्को मारेको दाबी




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले प्रदेशको विकास र पूर्वाधार निर्माणमा उल्लेख्य प्रगति गरेको दाबी गरेको छ । आर्थिक वर्ष २०८१–८२ मा मधेश प्रदेश पूर्वाधार विकासको उपलब्धिमूलक वर्ष बनेको सरकारको दाबी छ । जनताको जीवनस्तर सुधार र प्रदेशको दिगो समृद्धि गतिशील बनाउन सरकारले प्रदेश सरकारको योजनाले ऐतिहासिक फड्को मारेका बताएको छ ।
प्रदेश सरकारले ४ सय ६ किलोमिटर ग्राभेल सडक, २ सय ५३ किलोमिटर ढलान सडक र ८४ किलोमिटर कालोपत्रे सडक निर्माण सम्पन्न गरेको जनाएको छ । प्रदेश सरकारले १ सय १० वटा कल्भर्ट र ६ वटा पक्की पुल निर्माण गरी सञ्चालनमा ल्याइएको भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवले बताए । ७७ किलोमिटर नयाँ सडक समेत यो अवधिमा निर्माण भएको छ ।
योजनाबद्ध पूर्वाधार विस्तारमा सरकारले प्रादेशिक सडक सञ्जाल गुरुयोजना स्वीकृत गरेको छ भने सडक तथा पुलसम्बन्धी डिजाइन, स्ट्यान्डर्ड, स्पेसिफिकेसन तथा मापदण्ड पारित गरेको बताइएको छ । जनतामुखी कार्यक्रमअन्तर्गत सञ्चालित ‘एक निर्वाचन क्षेत्र, एक सडक’ अभियानको दोस्रो चरणमा ३ सय २० किलोमिटर लम्बाइका ६४ सडक निर्माण थालिएको छ । त्यस्तै, ‘एक निर्वाचन क्षेत्र, एक पक्की पुल’ कार्यक्रमअन्तर्गत ६४ पुल निर्माणको तयारी भइरहेको मन्त्री यादवले जानकारी दिए । आवास क्षेत्रमा पनि सरकारले ठोस परिणाम ल्याएको छ । मदन भण्डारी आवास, जनता आवास र महेन्द्रनारायण निधि आवास कार्यक्रम अन्तर्गत आर्थिक वर्षमै १ हजार ५७ आवास निर्माण सम्पन्न भएका छन् भने थप ४ हजार भन्दा बढी आवास निर्माणाधीन छन् । यस्तै, सामुदायिक भवन, धर्मशाला, सरकारी भवन र सभाहल गरी २ सय ७ वटा संरचना निर्माण सम्पन्न भएका छन् । सम्पूरक अनुदान अन्तर्गत ७ सडक, प्रादेशिक सडक अन्तर्गत ३५ सडक र प्रादेशिक पुल अन्तर्गत १४ पुल निर्माणाधीन छन् ।
त्यसैगरी, प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गत २१ स्थानीय तहलाई पक्की सडक सञ्जालसँग जोड्ने काम भइरहेको छ । हालसम्म १ सय ५० किलोमिटर पक्की सडक मर्मत र १२ सय किलोमिटर सडकको नियमित मर्मत सम्पन्न भएको छ । यसैबीच, प्रदेश सरकारले रामजानकी बहुउद्देश्यीय रंगशालाका लागि जग्गा सम्झौता र गुरुयोजना तयार पारिसकेको छ भने बजेट व्यवस्थापन प्रक्रिया समेत प्रारम्भ भएको छ ।

# चुरे विनाशले मधेश मरुभूमि बन्दै

**मधेशदृष्टि**
**राजविराज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले दैनिक रूपमा चुरे र यहाँको वन विनाशका कारण मधेश मरुभूमि भइरहेको बताएका छन् । जसपा राजविराज नगर समितिका नवनिर्वाचित पदाधिकारी तथा कार्यसमित सदस्यको शपथग्रहण तथा पदस्थापन कार्यक्रममा आइतबार उनले जलस्रोतको धनी देश नेपालमा पानीको अभाव हुनु दुर्भाग्यपूर्ण रहेको बताए ।



चुरे विनाशका कारण हाल मधेशमा जलसङ्कट देखिएको बताउँदै अध्यक्ष यादवले सुकुम्वासी व्यवस्थापनका नाममा भूमि विधेयक ल्याएर सरकारले मधेसलाई थप समस्यामा पार्न खोजेको आरोप लगाए ।
चुरे विनाशका कारण मधेशमा भूमिगत पानीको सतह समाप्त हुँदै गएको, भूमि विधेयकले थप विनाश बढाउने र मधेश मरुभूमिमा परिणत हुने उनको जिकिर थियो ।
अन्तर्राष्ट्रिय संस्थाहरूले धेरै पहिले नै चुरे संरक्षण नगरे पानीको सङ्कट आउने भनी सचेत गराएको स्मरण गर्दै अध्यक्ष यादवले त्यसमा सचेत नहुँदा हाल जमिन सुक्खा भएर सङ्कट उत्पन्न भएको धारणा राखे ।

# सुरक्षा निकायको समन्वयमा चोरी निकासी रोक्न निर्देशन

**मधेशदृष्टि**
**वीरगंज ।**
गृहमन्त्री रमेश लेखकले सीमानाकामा हुने अवैध चोरीपैठारी र निकासी रोक्न सरोकारवाला निकायलाई समन्वय गरेर काम गर्न निर्देशन दिएका छन् । आइतबार जिल्ला प्रशासन कार्यालय, पर्सामा भएको राजस्व चुहावट नियन्त्रण समन्वय समितिको बैठकमा गृहमन्त्री लेखकले स्थानीय प्रशासन, भन्सार कार्यालय, तीनवटै सुरक्षा संयन्त्रसहित सरोकारवाला सबै निकायबीच एकापसमा समन्वय र सहकार्य गरी अवैध चोरीपैठारी र निकासी रोक्न निर्देशन दिए ।
गृहमन्त्री लेखकले सीमा क्षेत्रमा हुने अवैध चोरी तस्कर र अन्य आपराधिक गतिविधि न्यूनीकरणका लागि आवश्यक पहलकदमी गर्न अनुरोध गरे । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा वीरगंज भन्सार कार्यालयको



राजस्व सङ्कलन उत्साहजनक भएको बताए । बाराको पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयका प्रमुख हरिप्रसाद शर्माले सुरक्षा निकायले बिलबिजक बिना तस्करीका मालवस्तु ओसार्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने बताए ।
पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले जिल्लाको शान्ति सुरक्षा र राजस्व चुहावट नियन्त्रणका लागि सम्बद्ध सरोकारवाला निकायसँग समन्वय गरी अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।
नेपाल प्रहरी मधेश प्रदेश प्रहरी प्रमुख उमाप्रसाद चतुर्वेदीले भन्सार नाका वरपर गोदाम खोल्ने प्रवृत्तिलाई निरुत्साहित गर्न जरुरी रहेको बताए । बैठकमा कानूनमन्त्री अजयकुमार चौरसिया, खानेपानी मन्त्री प्रदीप यादवसहित नेपाल प्रहरी, सशस्त्र प्रहरी, भन्सार कार्यालय, राजश्व विभागका प्रमुखहरूको सहभागिता थियो । सोमबारसम्म गृहमन्त्री लेखक वीरगंजमा रहने कार्यतालिका रहेको नेपाली कांग्रेस पर्साले जानकारी दिएको छ ।

**उपभोक्ता संरक्षणसम्बन्धी अन्तरक्रिया**
नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्ण प्रसाद सिटौलाको प्रमुख आतिथ्य र गृहमन्त्री रमेश लेखकको विशेष आतिथ्यमा उपभोक्ता संरक्षणसम्बन्धी अन्तरक्रिया कार्यक्रम वीरगंजमा आइतबार भएको छ । गृहमन्त्री लेखकले उपभोक्ताहरुले आफ्नो हक अधिकारबारे जानकारी लिई सचेत भएमा अवाञ्छित गतिविधिलाई नियन्त्रण गर्न सहयोग पुग्ने बताए । यसैगरी, पूर्व महामन्त्री सिटौला र कानूनमन्त्री अजय चौरसियाले अन्तरक्रिया कार्यक्रमबाट आएका सुझावलाई नेपाली कांग्रेसको बाणिज्य विभाग मातहतमा रही क्रमिक रुपमा कार्यान्वयनमा लगिने विचार व्यक्त गरे ।

# प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्रीबीच भेट

**चीन ।**
प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच अनौपचारिक भेट भएको छ । चीनका राष्ट्रपति सी चिनफिङ र धर्मपत्नी पेङ लियुआनद्वारा शाङ्घाई सहयोग सङ्गठन (एससिओ) प्लस को शिखर सम्मेलनमा सहभागी मुलुकका लागि आयोजित स्वागत समारोहमा उनीहरूबीच अनौपचारिक कुराकानी भएको हो ।
चीनको थियानजिन मेइजियान सम्मेलन केन्द्रमा आयोजित सांस्कृतिक प्रस्तुतिसहितको रात्रिभोजमा प्रधानमन्त्री ओलीसँग भएको अनौपचारिक भेटको तस्बिर समकक्षी मोदीले आफ्नो सामाजिक सञ्जाल एक्समा सार्वजनिक गरेका छन् ।



उनले थियानजिनमा नेपालका प्रधानमन्त्री ओलीलाई भेट्न पाउँदा खुसी लागेको बताए । नेपालसँग भारतको सम्बन्ध निकै गहिरो र विशेष भएको पनि भारतीय प्रधानमन्त्री मोदीले एक्समा उल्लेख गरेका छन् ।

# ‘उडान’ कार्यक्रमले बढायो शिक्षामा पहुँच



**मधेशदृष्टि**
**महोत्तरी ।**
नेपाल–भारत मैत्री युवा सङ्घले सञ्चालन गर्दै आएको ‘उडान’ कार्यक्रमअन्तर्गत महोत्तरीको जलेश्वर नगरपालिका–१ स्थित श्री महेन्द्र आदर्श महिला माध्यमिक विद्यालयका १२ जना छात्रालाई साइकल वितरण गरिएको छ । विद्यालय प्राङ्गणमा आयोजित विशेष समारोहमा नेपाली काँग्रेस महोत्तरीका वरिष्ठ नेता तथा पूर्व सांसद रामचन्द्र तिवारी प्रमुख अतिथि रहेका थिए । उनले छात्राहरूलाई साइकल हस्तान्तरण गर्दै ग्रामीण क्षेत्रमा बालिकाको शिक्षा सुनिश्चित गर्न यस्ता कार्यक्रमले सकारात्मक योगदान पु¥याउने विश्वास व्यक्त गरे । कार्यक्रमको अध्यक्षता नेपाल–भारत मैत्री युवा सङ्घ महोत्तरीका अध्यक्ष जितेन्द्र सिंहले गरेका थिए । उनले ‘उडान’ कार्यक्रम विशेष गरी ग्रामीण तथा सीमान्तकृत क्षेत्रका छात्राहरूलाई विद्यालय आउजाउ सहज बनाउन लक्षित गरिएको बताए । ‘बालिकाले सहज रूपमा विद्यालय आउजाउ गर्न पाए भने उनीहरूको पढाइ निरन्तरता पाउँछ र उच्च शिक्षातर्फ अघि बढ्न प्रोत्साहन मिल्छ,’ उनले भने । सङ्घका केन्द्रीय महासचिव कृष्ण सिंह विशेष अतिथि रहेको कार्यक्रममा नेकपा एमालेका नेता रामआधार कापर, सञ्चारकर्मी, समाजसेवी, राजनीतिकर्मी, अभिभावक तथा विद्यालय समुदायको उल्लेखनीय उपस्थिति थियो । साइकल प्राप्त गरेपछि छात्राहरूले दैनिक विद्यालय आवतजावत सहज हुने र उच्च शिक्षातर्फ थप उत्साह मिलेको प्रतिक्रिया दिए । ‘पहिले टाढाबाट पैदल विद्यालय आउनुपथ्र्यो, अब सजिलै साइकलमा आउन–जान सकिन्छ,’ छात्रा शिवानी ठाकुरले खुशी व्यक्त गरिन् ।

# कसैको अनुचित दबाब र प्रभावमा नपरी काम गरिन्छः प्रजिअ

**मधेशदृष्टि**
**सप्तरी ।**
कसैको अनुचित दबाब र प्रभावमा नपरी आफूले काम गर्ने सप्तरीका नयाँ प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले प्रतिबद्धता जनाएका छन् । यसो गर्दा कसैको दबाबमा दुई चार दिनमै आफ्नो सरुवा भए त्यसका लागि पनि आफू तयार रहेको उनले स्पष्ट पारेका छन् ।

जिल्लामा सरुवा भई आएको केही दिनपछि आइतबार आफ्नै कार्यकक्षमा सञ्चारकर्मीहरुसित भेटघाट कार्यक्रम आयोजना गरेका उनले यस्तो कुरा बताएका हुन् । ‘ऐन, नियम र कानुनको परिधिमा रही जिल्लामा सेवाग्राहीलाई छिटो, छरितो र सहज सेवा तथा शान्ति, सुरक्षाका लागि आवश्यक प्रबन्ध मिलाउन हरसम्भव प्रयास हुनेछ,’ उनले भने, ‘सुशासनका विरुद्ध हुने कुनै पनि प्रयासमा कसैसँग सम्झौता हुँदैन ।’ राज्यको चौथो अंग सञ्चारकर्मीहरुसँग नंग र मासु जस्तै सम्बन्ध रहने भन्दै उनले पत्रकारहरुले उजागर गर्ने विकृती, विसंगति, अन्याय, अत्याचार लगायतका बेथितिका समाचार आफूहरुका लागि स्रोत मात्र नभई आवश्यक दिशानिर्देश तथा थप जिम्मेवार बनाउन मद्दत पुर्याउने बताए । उनले सुशासन कायम गरि जनतालाई सुसूचित गराउने कार्यमा सञ्चारकर्मीहरुले पनि अप्रत्यक्ष रुपमा महत्वपूर्ण भूमिका खेल्ने गरेको भन्दै सूचनाको हकअधिकारको सवालमा आफूले इमान्दारिका साथ सहयोग गर्ने बताए । जिल्लाको शान्ति, सुरक्षा, ट्राफिक व्यवस्थापन, सीमानाकाबाट हुने चोरी तस्करी, सवारी दुर्घटना, बसपार्क सञ्चालन, चाडपर्व लक्षित सुरक्षा लगायतका विषयमा उनले संचारकर्मीहरुसँग सुझाव समेत लिएका छन् ।




# २१ गतेदेखि कडा आन्दोलन गर्ने महासंघको चेतावनी

**मधेशदृष्टि**
**काठमाडौं ।**
विद्यालय शिक्षा विधेयकमा आफ्ना माग समावेश गर्नुपर्ने मागसहित नेपाल शिक्षक महासंघले आइतबार पनि धर्ना कार्यक्रमलाई निरन्तरता दिएको छ । चौथो दिनसम्म पुगेको आन्दोलनअन्तर्गत यसपटक महासंघ नेतृत्वको टोलीले नेकपा (एकीकृत समाजवादी) को केन्द्रीय कार्यालय अगाडि धर्ना दिएर दबाब सिर्जना गरेको हो । यसअघि महासंघले नेपाली काँग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रको केन्द्रीय कार्यालय अगाडि धर्ना दिइसकेको छ । तर, माग सम्बोधनमा प्रगति नभएको भन्दै महासंघले प्रमुख दलहरूको पार्टी कार्यालय अगाडि चरणबद्ध रूपमा दबाब कार्यक्रम जारी राखेको हो । महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले राजनीतिक दलहरूले शिक्षकका आवाजलाई बेवास्ता गरेको आरोप लगाउँदै आन्दोलनको दोस्रो चरण अझ कडा हुने चेतावनी दिए । ‘देशभरिका शिक्षक–कर्मचारीहरू दोस्रो चरणको आन्दोलनका लागि तयार भइरहेका छन् । हाम्रो माग सम्बोधन भएन भने यसपटकको आन्दोलन अघिल्ला वर्षको भन्दा पनि कठोर हुनेछ,’ सुवेदीले भने । महासंघले विद्यालय शिक्षा विधेयकमा शिक्षकको हकहित उपेक्षा गरिएको आरोप लगाउँदै तत्काल संशोधन गरेर माग समावेश गर्न सरकार र दलहरूमाथि दबाब बढाएको छ । शिक्षकहरूले शिक्षालाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नुपर्ने, सेवा–सुविधा सुनिश्चित गर्नुपर्ने र कानुनी ढाँचामार्फत दीर्घकालीन समाधान खोजिनुपर्ने आवश्यकता औँल्याएका छन् । माग सम्बोधन नभए आगामी भदौ २१ गतेदेखि अझै कठोर आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने महासंघको चेतावनी छ । धर्ना कार्यक्रममा सहभागी शिक्षकहरूले नाराबाजी गर्दै मागपत्र बुझाएका थिए । महासंघले भनेको छ, ‘यदि हाम्रो माग गम्भीरतापूर्वक सम्बोधन भएन भने शिक्षा प्रणाली नै संकटमा पर्छ । त्यसैले विद्यालय शिक्षा विधेयकमा हामीले उठाएका प्रमुख मागहरू तत्काल समावेश हुनैपर्छ ।’

# इभी प्रयोग गरेर गाँजा ओसारपसार

**मधेशदृष्टि**
**मकवानपुर ।**
यालुबाहक विद्युतीय सवारी (इभी) प्रयोग गरेर लागुऔषध गाँजा ओसारपसार हुने गरेको तथ्य खुलेको छ । मकवानपुर प्रहरीले आइतबार दुई वटा इभी गाडीबाट ठूलो परिमाणमा गाँजा बरामद गर्दै ६ जनालाई पक्राउ गरेको हो । प्रहरीका अनुसार बा.प्र.०१–००२ ज ६५४९ नम्बरको इभीमा राखिएको १ सय १२ किलो ७९० ग्राम गाँजा मकवानपुरको बसामाडी लेवटमा बरामद गरिएको हो । यस घटनामा संलग्न रहेको आरोपमा काभ्रेको पाँचखाल–८ का २१ वर्षीय सुदिप तामाङ, २० वर्षीय सविन तामाङ र दोलखा शैलुङ–८ का २२ वर्षीय सागर तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ । उनीहरूलाई अदालतबाट म्याद थप गरेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । त्यसैगरी, आइतबारकै दिन प्रहरीले बसामाडीमै हेटौँडातर्फ आउँदै गरेको बाप्र.०६–००१ ज ०५०३ नम्बरको इभी गाडीमा राखिएको २६ किलो १० ग्राम गाँजा बरामद गरेको छ । यससँगै, मकवानपुरको राक्सिराङ–१ का ३० वर्षीय प्रेमराज मोक्तान, १९ वर्षीय सन्दीप थिङ र १९ वर्षीय बुद्धिलाल मोक्तानलाई पनि पक्राउ गरिएको छ । उनीहरूलाई पनि अदालतबाट म्याद लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । पछिल्लो समय इभी गाडीको प्रयोग गरेर लागुऔषध तस्करी हुने क्रम बढेको प्रहरीको भनाइ छ ।

# नेपाली समाज कतारको प्रशिक्षण कार्यक्रम सम्पन्न



**मधेशदृष्टि**
**दोहा ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालको प्रवास सङ्गठन नेपाली समाज कतारद्वारा प्रशिक्षण, आन्तरिक भेटघाट तथा शुभकामना अदान प्रदान कार्यक्रम सम्पन्न भएको छ । कतारको सनैयास्थित लालिगुँरास रेस्टुरेन्टको सभाहलमा आयोजित प्रशिक्षण कार्यक्रममा संस्थाका अध्यक्ष मनिष यादवको सभापतित्व तथा विशेष सल्लाहकारहरु शिव कुमार महतो, मोहम्मद तनवीर रेजा, सन्दिप मण्डल, कलाम हुसेन खान, अवधेश मण्डल, सचिव ईसिलाल पण्डित आमन्त्रित अतिथि लगायतका अन्य सहभागीहरुले आ– आफ्नो सुझावसहित मन्तव्य राखेका थिए । अध्यक्ष यादव प्रशिक्षण दिँदै नेपालको समसामयीक राजनीतिक विषय वस्तु, संगठन विस्तार, समाजिक संजालमा सक्रियता, ईकाई कमिटी गठन तथा नेपालीहरुको महान चाड वडा दशैँको अग्रिम शुभकामना व्यक्त गरेको कोषाध्यक्ष जय प्रकाश यादवले जानकारी दिए । जसपा नेपालले भूमि विधेयकको विरोधमा देशैभरी प्रदर्शन गरिरहेको छ । भूमिसम्बन्धी विधेयक मुलुक र जनताको हितमा नरहेको, भू–माफिया, जग्गा दलालको हित हुने र यसबाट वनजंगल विनाश भई तराई–मधेश मरुभूमिकरण हुने भएकाले शुरुदेखि नै सङ्गठन यसको विपक्षमा रहेको थियो । सरकारले भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गरी अध्यादेश देश र जनताको हितमा नभई रियल स्टेट, भू–माफिया तथा दलालहरुको पक्षपोषण गर्ने खालको रहेको विभिन्न वक्ताहरुले बताए । मधेशको वन जंगल, सार्वजनिक जग्गा, आफ्ना पार्टीका कार्यकर्ताहरुमा वितरण गर्ने उद्देश्य बोकेर वर्तमान सरकार उक्त अध्यादेश ल्याउन लागेको हो । सङ्गठनका सचिव रामएकवाल रामले कार्यक्रम सञ्चालन गरेका थिए ।

# मधेश सशस्त्रका कमाण्डर अक्षम फेरि १६ अधिकृत

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरीब बल, नेपाले विभिन्न कमाण्डमा खाएका कमाण्डरहरुको कार्य सन्तोषजनक नभएको भन्दै जिम्मेवारी खोसेको छ । यसमा मधेश प्रदेशका जिल्लाहरु बढी छन् । विभिन्न एकाइमा कमाण्डरको रूपमा खटाइएका सशस्त्र प्रहरी अधिकृतको राजश्व सङ्कलन र कार्यसम्पादनमा कमजोरी भेटिएपछि १६ अधिकृतलाई जिम्मेवारी खोसिएको हो ।

एक सशस्त्र प्रहरी उपरीक्षक, एक सशस्त्र प्रहरी नायव उपरीक्षक, सात सशस्त्र प्रहरी निरीक्षक, ५ सशस्त्र प्रहरी नायव निरीक्षक, एक सहायक निरीक्षकसहितलाई कमान्डको जिम्मेवारीबाट हटाइएको सशस्त्र प्रहरी बलका प्रहरी नायव उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए । उनका अनुसार सशस्त्र प्रहरी बल, नेपाल नं ११ गण रौतहटका गणपति सशस्त्र प्रहरी उपरीक्षक सन्तोषकुमार बस्नेतलाई कमाण्डरबाट फिर्ता गरेर सशस्त्र प्रहरी उपरीक्षक रामहरी अधिकारीलाई पठाइएको छ ।

यसैगरी, बारा जिल्लास्थित सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट कबहीगोठका सशस्त्र प्रहरी निरीक्षक जीवनलाल बुढा, बिओपी झिटकैया बाराका सशस्त्र प्रहरी नायव निरीक्षक केदारबहादुर परियार, फरवार्ड सुरक्षा वेश बलिरामपुरका सशस्त्र प्रहरी नायव निरीक्षक हरिप्रसाद लम्साल, फरवार्ड सुरक्षा वेश छतवा बाराका सशस्त्र प्रहरी नायव निरीक्षक गणेश गिरी र झरखोर पोष्ट बाराका सशस्त्र प्रहरी सहायक निरीक्षक शिव शंकरप्रसाद चौधरीलाई जिम्मेवारीबाट हटाइएको छ ।

यस्तै, पर्सा जिल्लास्थित बोर्डर आउट पोष्ट प्रसौनी भाठ्ठाका सशस्त्र प्रहरी निरीक्षक सञ्जीव बानिया क्षेत्री, बिओपी दक्षिण झिटकैयाका सशस्त्र प्रहरी निरीक्षक नरेशसुवाल बाटा, सुरक्षा वेश बहुअर्वाभाठाका सशस्त्र प्रहरी नायव निरीक्षक भिमबहादुर क्षेत्री र फरवार्ड सुरक्षा बेश जयमङ्गलापुरका सशस्त्र प्रहरी नायव निरीक्षक झक्कुप्रसाद ओलीलाई पनि जिम्मेवारीबाट हटाइएको प्रहरी नायव उपरीक्षक थापाले जानकारी दिए ।

यसैगरी, पश्चिम नवलपरासी जिल्लास्थित बोर्डर आउट पोष्ट भुजहवाका सशस्त्र प्रहरी निरीक्षक रूपक नापीत र कैलाली जिल्लास्थित प्रस्तावित सीमा सुरक्षा गुल्म खोनपुका सशस्त्र प्रहरी नायव उपरीक्षक नविन चन्द, बोर्डर आउट पोष्ट कुसुमघाटका सशस्त्र प्रहरी निरीक्षक रामशरण विष्ट, बिओपी फुलबारीका सशस्त्र प्रहरी निरीक्षक खगेन्द्रबहादुर चन्द, बिओपी लल्लिपुरका सशस्त्र प्रहरी नायव निरीक्षक मोहनराम महर र कञ्चनपुर जिल्लास्थित बोर्डर आउट पोष्ट डोकेबजारका सशस्त्र प्रहरी निरीक्षक सूर्यप्रकाश पन्तसमेतलाई जिम्मेवारीबाट हटाइएको उनले जानकारी दिए ।

सीमा इलाकामा कार्यरत कमाण्डरमाथि मुख्यालयबाट समेत सुक्ष्म रूपमा निगरानी बढाइएको छ । सन्तोषजनक काम नगर्ने गणपतिसहितका दर्जनौँ अधिकृत यसअघि पनि समय नपुग्दै जिम्मेवारीबाट हटाइएका र कारवाहीमा परेका छन् । मुख्यालयले अन्य प्रदेशमा समेत सुक्ष्मरूपमा निगरानी बढाएको छ । गण, गुल्म तथा बिओपि कमान्डमा रहेका केही अधिकृतमाथि पनि निगरानी बढाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

# मिथिलाञ्चलमा राधाष्टमी उत्सव मनाइयो

**महोत्तरी ।**
मधेशको प्राचीन मिथिलाञ्चल क्षेत्रमा आइतबार राधाष्टमी उत्सव मनाइएको छ । द्वापरयुगमा भदौ शुक्लपक्ष अष्टमीका दिन भारतको उत्तरप्रदेशमा पर्ने गोकुलमा लक्ष्मी अवतारका रूपमा राधाको जन्म भएको विश्वासमा यो उत्सव मनाउने गरिएको हो । गोकुलका ग्वाला वृषभानुकी पुत्रीका रूपमा राधाको जन्म भएको हिन्दू जनविश्वास छ । ठिक १५ दिनअघि भदौ कृष्णपक्षको अष्टमी तिथिका दिन मथुरा कारागारमा जन्म भएर रातारात गोकुल पु¥याइएका श्रीकृष्ण र राधा सँगसँगै खेल्ने बालसखा भएका कृष्णचरित्र र श्रीमद् भागवतमा वर्णन गरिएको लक्ष्मीनारायण लक्ष्मीनारायण मठ मटिहानीका उत्तराधिकारी महन्थ डा. रवीन्द्रदास वैष्णले जानकारी दिए । राधा श्रीकृष्णकी अत्यन्त प्रिय छिन् । राधा लक्ष्मी अवतार र श्रीकृष्ण भगवान् विष्णुका आठौँ अवतार मानिन्छन् । गोकुलमा राधा र श्रीकृष्णको प्रीति अत्यन्त गाढा रहेको श्रीमद् भागवत महापुराणमा उल्लेख छ । पछि गोकुलबाट श्रीकृष्ण निस्केर द्वारका बस्न गएका थिए । प्रेम र समर्पण भावले सधैँ श्रीकृष्ण भजेकी राधा निःस्वार्थ प्रेमको पूजकका रूपमा हिन्दूबीच पूजित भएकी डो वैष्णवले बताए । उनका अनुसार राधाजीको जन्म भएको दिनको सम्झनामा मिथिलाञ्चलका कैयौँ ठाउँमा राधाष्टमी मेला उत्सव आयोजना गरिएका छन् । यहाँका राधाकृष्ण मन्दिरमा बिहानैदेखि धार्मिक अनुष्ठान आयोजना गरिएको थियो । राधा हिन्दू मान्यतामा आराध्य देवी भएकी हुँदा यहाँ उत्सवका रूपमा राधाष्टमी मनाउने गरिएको लक्ष्मीनारायण मठका उत्तराधिकारी डा. वैष्णवले बताए । राधाजी जन्मका पौराणिक कथाका आधारमा ती विषय समेटिएको भावका मङ्गलगान मिथिलाञ्चल क्षेत्रमा गुञ्जीरहेका उनले उल्लेख गरे । उनका अनुसार पर्वका अवसरमा साँझ विशेष धार्मिक अनुष्ठान आयोजना गरिएको थियो । रासस

# कतारमा होमबहादुर बने बारिस्ता एरोप्रेस प्रतिस्पर्धामा प्रथम



**रामएकवाल राम**
**दोहा ।**
कफी समाज नेपालले कतारमा आयोजना गरेको बारिस्ता एरोप्रेस प्रतिस्पर्धामा होमबहादुर बुढाथोकी प्रथम बनेका छन् । प्रतिस्पर्धामा ओमान, बहराइन, इन्डोनेसिया, फिलिपिन्स, इरान र केन्या सहित देशका १०८ भन्दा धेरै कफी बनाउनेहरू सहभागी थिए । प्रतिस्पर्धामा होमबहादुर बुढाथोकी पहिलो भए । लगातार चार पटकसम्म भएको यो प्रतिस्पर्धामा नेपालीले जितेको पहिलो पटक हो । १०८ मध्ये १६ जना मात्र नेपाली थिए । तर, पहिलो, दोस्रो र तेस्रो सबै नेपाली भएको कफी समाज नेपालका प्रमुख गोपाल बस्यालले जानकारी दिए । प्रतियोगितामा यासिका गुरुङ दोस्रो र दावा शेर्पा तेस्रो भएका छन् । ओमान, बहराइन, इन्डोनेसिया, फिलिपिन्स, इरान र केन्यासहित देशका १० व्यक्ति निर्णायक मण्डलमा थिए भने नेपालको तर्फबाट सागर राउत थिए । प्रथम बन्न सफल भएका होमबहादुर दक्षिण कोरियामा हुने विश्वस्तरको प्रतिस्पर्धामा भाग लिन पाउनेछन् । प्रथम हुने होमबहादुर डिसेम्बर ४ देखि ६ मा हुने अन्तर्राष्ट्रिय एरोप्रेस प्रतिस्पर्धामा भाग लिन कोरिया जानेछन् । प्रतिस्पर्धामा कतार सहित अन्य ८० देशका विजेताहरूले विश्वविजेताको लागि भिड्ने कफी समाज नेपालका प्रमुख गोपाल बस्यालले जानकारी दिए । एरोप्रेस कफी बनाउने एउटा प्रक्रिया भएको भन्दै उत्कृष्ट स्वाद निकाल्न सक्ने व्यक्ति विजेता हुने कफी समाज नेपालका लक्ष्मीप्रसाद तिमल्सिनाले बताए ।

# गोलबजारमा खानेपानी आयोजना पूरा हुने चरणमा

**सिरहा ।**
गोलबजार नगरपालिका–३ चुरे फेदीस्थित बूढी जमदह गाउँमा दशकौँदेखिको खानेपानी अभाव अब अन्त्य हुने भएको छ । ‘सबल नेपाल र वेल्थहङ्गरहिल्फे’को सहयोगमा निर्माणाधीन ४० हजार लिटर क्षमताको निर्माणाधीन ट्याङ्कीको ६० प्रतिशत काम सम्पन्न भएसँगै जमदहका बासिन्दाको खानेपानी समस्या समाधान हुने चरणमा पुगेको हो ।

एकहत्तर लाखको लागतमा निर्माणाधीन आयोजनामा स्थानीयको श्रमदान र नगरपालिकाले सहयोग गरेको छ । हालसम्म पाइप बिछ्याउने र धारा जडान भइसकेको छ भने अन्य संरचना पनि धमाधम निर्माण भइरहेका छन् । हाल अस्थायी संरचना प्रयोग गरी ५१ घरमा स्वच्छ खानेपानी आपूर्ति भइसकेको छ । रासस

# मिथिलाञ्चलमा भदैया रैब पर्व मनाइयो

**महोत्तरी ।**
पुत्र, पति र परिवारका सदस्यहरूको आरोग्यता तथा सुख, समृद्धिको कामना गर्दै महोत्तरीसहित सम्पूर्ण मिथिलाञ्चलमा आइतबार महिलाहरू भदैया रैब पर्व मनाएका छन् । मिथिला क्षेत्रका गाउँगाउँमा बर्तालु महिलाहरूले घरघरमा ठेकुवा (सक्खर हालेर बनाइएको एक प्रकारको पकवान) पकाएर, केरा, मकै, काँक्रो, स्याउलगायत फलफूल, अक्षता, सुपारी र पानसहितका वस्तु लिएर रैब पर्व मनाएका छन् ।

बर्तालु महिलाहरु फलफूल, मीठाइ र पकवानसहितका पूजा सामग्रीसहित नजिकैको पोखरी, तलाउ वा नदीमा गइ सूर्यदेवतालाई अघ्र्य चढाउँदै पर्व मनाउने जलेश्वर नगरपालिका–१ स्थित बाबा जलेश्वरनाथ महादेवका पुजारी उपेन्द्र पाठक बताए ।

रैब सूर्य देवताकै पूजा उपासना गरी मनाइने पर्व हो । भदौमा मनाइने भएकाले यसलाई भदैया रैब पर्व पनि भनिन्छ । पोखरी, तलाउ वा नदीमा स्नान गरी, सूर्य देवतालाई पूजा सामग्रीको अघ्र्य दिएर बर्तालुहरू आ–आफ्ना घरमा जान्छन् भने घर पुगेर आँगन वा पिँढीमा फेरि नेउज हाल्ने गर्दछन् ।

नेउज हाल्ने क्रममा बर्तालुहरू भुइँलाई पानी र गङ्गाजलले लिपेर, केराको पातमाथि सक्खर हालेर बनाइएको खिर र केरा चढाउने गर्दछन् । यस क्रममा प्रत्येक परिवारबाट कति जनाले रैब पर्व गर्ने हो, त्यसका लागि प्रत्येक एक जनाका लागि दुईवटा नेउज (दुई स्थानमा प्रसाद चढाउने) हाल्ने गनुपर्छ । पर्वमा अरुका लागि पनि अरुले नेउज (प्रसाद चढाइदिने) हाल्न सक्छन् । आफ्नो परिवारका कुनै सदस्य बाहिर रहेको वा घरमा आउन नसक्ने अवस्थामा रहेको बेला अरुको नाममा अरूले नेउज हाल्ने गर्दछन् । नेउज हालिसकेपछि (प्रसाद चढाइसकेपछि) बर्तालुहरूले फलफूल ग्रहण गर्न सक्छन् । राति उनीहरूले नुनबिनाको खानेकुरा (फलफूल, खिर, केरा, स्याउ)लगायत वस्तु नै खाएर बस्ने चलन छ । त्यसैगरी अब मिथिलाञ्चलका प्रत्येक गाउँठाउँका प्रायःजसो महिलाले प्रत्येक आइतबार रैब पर्वका लागि दिनभरि उपवास बस्ने र बेलुका नुनबिनाको खानेकुरा खाएर छ महिनासम्म रैब पर्व मनाउनेछन् ।

कोहीकोहीले भने महिनाको एउटा आइतबारको दिनमात्र उपवास बसेर पनि यस पर्व मनाउने चलन रहेको जलेश्वर–८ की बर्तालु रेणु देवीले बताइन् । मिथिला क्षेत्रमा परम्परागत रूपमै यसपर्व सुख, समृद्धि र विशेषगरी आरोग्यताका लागि मनाउने परम्परा रहेको जलेश्वर–५ का संस्कृतिविद् ध्रुव राय बताउँछन् । रासस

# ६ बुँदे घोषणापत्र जारी गर्दै अधिवेशन सम्पन्न

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेशी स्वास्थ्यकर्मी फोरम, नेपाल मधेश प्रदेशले आफ्नो दोस्रो अधिवेशन सम्पन्न गर्दै ६ बुँदे घोषणापत्र सार्वजनिक गरेको छ । शनिबारदेखि दुई दिनसम्म जनकपुरधाममा चलेको अधिवेशनले मधेश प्रदेशका सम्पूर्ण स्वास्थ्यकर्मीको अधिकार, हित र सम्मानको संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

घोषणापत्रमा प्रत्येक नागरिकलाई सरल, सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन राज्यसँग सहकार्य गर्ने, स्वास्थ्यकर्मीहरूको पेशागत मर्यादा कायम राख्ने, सीप अभिवृद्धि गर्ने तालिम, क्षमता विकास र अध्ययन कार्यक्रम सञ्चालन गर्ने विषयहरू समावेश गरिएको छ । अधिवेशनले मधेश प्रदेश सरकारद्वारा जारी स्थानीय सेवा गठन तथा सञ्चालन ऐन–२०८१ मा



देखिएका त्रुटी सुधार गर्न निरन्तर संवाद र दबाब सिर्जना गर्ने अठोट पनि जनाएको छ ।

साथै, समायोजनपछि सम्पूर्ण तह–तप्काका स्वास्थ्यकर्मीलाई एक तह स्तर वृद्धिको पहल गर्ने, समाजमा स्वास्थ्य चेतना जगाउने, रोग रोकथाममा जोड दिने र आवश्यक पर्दा जनतासँग हातेमालो गर्दै सहयोग गर्ने प्रतिबद्धता पनि घोषणापत्रमा उल्लेख गरिएको छ । अधिवेशनले सम्पूर्ण मधेशी स्वास्थ्यकर्मीबीच एकता, सहकार्य र साझा पहिचान निर्माण गर्दै संगठनलाई प्रदेशका सबै स्थानीय तहसम्म विस्तार गर्ने लक्ष्य राखेको छ ।

अधिवेशनले विनोद यादवको अध्यक्षतामा १७ सदस्यीय मधेश प्रदेश कार्यसमिति गठन गरेको छ । उपाध्यक्षमा संजिव कुमार यादव (खुला), चुनचुन प्रसाद यादव (आयुर्वेद), महिला उपाध्यक्षमा बबिता मण्डल, मुख्य सचिवमा भागिरथ चौधरी, सचिवमा नरेश कुमार ठाकुर, शशीकान्त प्रसाद श्रीवास्तव, कोषाध्यक्षमा रंधिरकुमार यादव, सह–कोषाध्यक्षमा उज्जवल यादव र सदस्यतर्फ धनुषाबाट रामकुमार यादव, सर्लाहीबाट रत्नेश्वर साह, महोत्तरीबाट रामकुमार यादव र अभिषेक नारायण यादव, सर्लाहीबाट राजेशकुमार साह निर्वाचित भएका छन् । अधिवेशनमा सहभागी नेताहरूले स्वास्थ्यकर्मीको पेशागत अधिकार सुनिश्चित गर्नु र प्रदेशभर स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न सहकार्य आवश्यक रहेको बताए ।

# ३१२ जना उपचारपछि घर फर्किए



**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिका र आसपासका क्षेत्रबाट मात्रै पछिल्ला सात दिनमा ३६८ जना हैजा तथा हैजा आशंकित बिरामी उपचारका लागि नारायणी अस्पतालमा पुगेका छन् । नारायणी अस्पतालका अनुसार साउन ६ गतेदेखि १४ गतेसम्म भर्ना भएका बिरामीमध्ये ३१२ जना उपचारपछि घर फर्किएका छन् भने ५६ जना अझै उपचाररत छन् । तीमध्ये तीन जनाको अवस्था गम्भीर छ । उनीहरू आइसोलेसन कक्षमा राखिएका छन् । अस्पतालका तथ्याङ्क अनुसार साउन ६ गते ९ जना, ७ गते ४१ जना, ८ गते ३६ जना, ९ गते ५१ जना, १० गते ५४ जना, ११ गते ५१ जना, १२ गते ५० जना, १३ गते ४३ जना, १४ गते ३३ जना बिरामी अस्पताल पुगेका थिए । अस्पतालमा गरिएको कोलेरा आरडीटि परीक्षणमा १४५ जनामध्ये ५६ जनामा हैजा पुष्टि भएको छ । पुष्टि भएका नमुनामध्ये १५ नमुना काठमाडौँस्थित जनस्वास्थ्य प्रयोगशालामा पठाउँदा १२ नमुनामा ख्द्चष्य अजयभिचब इज्ञ कभचयतथउभ इनबधब पुष्टि भएको छ । विगत केही दिनयता लगातार बिरामी बढेपछि अस्पतालले आइसोलेसन वार्ड, इमरजेन्सी र इन्फेक्सन विभागमार्फत उपचार गराउँदै आएको छ । वीरगंज महानगरपालिका, पर्सा जिल्ला स्वास्थ्य कार्यालय र प्रदेश सरकारको समन्वयमा व्यवस्थापन भइरहेको अस्पतालले जनाएको छ ।

# शिक्षकहरु धर्नामा

**मधेशदृष्टि**
**सप्तरी ।**

विगतमा नेपाल शिक्षक महासंघसँग सरकारले गरेको सहमतिको पूर्ण कार्यान्वयनको माग गर्दै आन्दोलनरत शिक्षकहरुले आइतबार सदरमुकाम राजविराजस्थित शिक्षा विकास तथा समन्वय इकाई कार्यालयमा धर्ना दिएका छन् । जिल्लाको १८ वटै पालिकाबाट आएका सामुदायिक विद्यालयका शिक्षकहरु कार्यालय खुल्नासाथ बिहान १० बजेदेखी धर्नामा बसेका थिए । शिक्षक आन्दोलन परिचालन समितिको अगुवाईमा बसेको धर्नामा शिक्षकहरुको उल्लेखनीय सहभागिता देखियो ।



धर्नामा बसेका नेपाल राहत शिक्षक संघ मधेश प्रदेशका अध्यक्ष एवम् आन्दोलन परिचालन समितिका सदस्य गंगाप्रसाद यादवले नेपाल शिक्षक महासंघको नेतृत्वमा विगतमा भएको आन्दोलनका क्रममा सरकारले पटक पटक सहमति गरेपनी त्यसको पूर्णपालना नगरेकोले बाध्य भई पुनः आन्दोलनमा जानु परेको बताए । 'भोलीको उन्नत र गुणस्तरिय विद्यालय शिक्षाको आवश्यकता, चुनौती तथा आम शिक्षक कर्मचारीको अपेक्षाप्रति सरकार गम्भिर नभएका कारण हामी पुनः आन्दोलित भएका हौं, 'उनले भने यसै क्रममा यसअघि १८ वटै पालिका कार्यालयमा धर्नामा बसेका थियौ ।' शिक्षकहरु आन्दोलनमा उत्रेपछि सरकारी विद्यालयको पठनपाठन समेत प्रभावित बन्न पुगेको विद्यार्थीहरुले बताएका छन् । आन्दोलनकारी शिक्षकहरुले माग पुरा नभए आन्दोलनका थप सशक्त कार्यक्रमहरु अघि बढने जनाएका छन् ।

# करेन्ट लागेर दुईको मृत्यु

**मधेशदृष्टि**
**सिरहा ।**

सिरहामा करेन्ट लागेर दुई जनाको ज्यान गएको छ । नेपाल प्रहरीले आइतबार बिहान घटनाबारे जानकारी दिंदै शनिबार राति करेन्ट लागेका घाइतेहरूको उपचारको क्रममा मृत्यु भएको पुष्टि गरेको हो । सिरहा नगरपालिका–४ रमौलका इद महमदका १५ वर्षीय छोरा मो. अम्माद आफ्नै घरको कलमा जडान गरिएको विद्युतीय मोटर चलाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका थिए । स्थानीयले तत्कालै उनलाई उपचारका लागि प्रादेशिक अस्पताल सिरहा पुऱ्याए पनि चिकित्सकले बचाउन सकेनन् । त्यस्तै, लहान नगरपालिका–१९ कटहाका ४० वर्षीय कमक लाल सदाय पनि करेन्टको चपेटामा परी ज्यान गुमाएका छन् । आफ्नै घरमा सिटी रिक्सा चार्ज गर्ने क्रममा चार्जर निकाल्दा अचानक करेन्ट लाग्दा उनी घाइते भएका थिए । गम्भीर अवस्थामा रहेका सदायलाई कामना अस्पताल लहान लगिएको थियो तर उपचारकै क्रममा उनको मृत्यु भयो । दुवै घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान शुरु गरेको जनाएको छ । प्रारम्भिक अनुमान अनुसार, असुरक्षित तारजोड र विद्युत उपकरण प्रयोग गर्ने क्रममा लापरबाहीका कारण दुर्घटना भएको हुनसक्ने प्रहरीको भनाइ छ ।

# दुई मोटरसाइकल ठोक्किँदा दुईको मृत्यु, एक गम्भीर घाइते

**मधेशदृष्टि**
**बारा ।**

बाराको सिमरामा आइतबार दिउँसो दुई मोटरसाइकल आपसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् । वीरगंजबाट पथलैयातर्फ जाँदै गरेको बा ९० प ६७९४ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै आएको बा प्र ०६–००३ प १७५३ नम्बरको मोटरसाइकल सिमरा सडकखण्डमा ठोक्किँदा दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका सप्तरीको विष्णुपुर गाउँपालिका–७ का २८ वर्षीय महेश पण्डितलाई उपचारका लागि वीरगंजस्थित एसएल न्युरो अस्पताल लगिएको थियो । तर, अपराह्न ३ बजे उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले पुष्टि गरेको छ । सोही दुर्घटनामा गम्भीर घाइते रौतहटको गुजरा नगरपालिका–७ का २५ वर्षीय रोशन चौधरीको पनि अपराह्न ३ः३० बजे कलैया अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते भएका गुजरा नगरपालिका–७ का ३४ वर्षीय भूपेन्द्र चौधरीको भने वीरगंजस्थित एसएल न्युरो अस्पतालमा उपचार भइरहेको छ ।

प्रहरीका अनुसार दुर्घटनाबारे थप अनुसन्धान भइरहेको छ । अत्यधिक गति र असावधानीका कारण दुर्घटना भएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ ।

# लक्ष्मीनियामा रास्वपाको पालिका समिति गठन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले धनुषाको लक्ष्मीनिया गाउँपालिकामा संगठन विस्तार गर्दै १५ सदस्यीय गाउँपालिका समिति गठन गरेको छ । समितिको सभापतिमा कमलेश यादव चयन भएका छन् भने सचिवमा सुशिल मण्डल चयन भएका छन् । लक्ष्मीनिया गाउँपालिकाको प्रथम नगर भेला जिल्ला सभापति लक्ष्मेश्वर यादवको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा मधेश प्रदेश संयोजक अम्भु प्रसाद साह, जिल्ला सचिव रमेश पहाडी, प्रदेश शिक्षा विभाग प्रमुख रामनरेश चौधरी, प्रदेश भ्रष्टाचार निवारण विभाग प्रमुख रामबाबु राय यादव, प्रदेश सल्लाहकार पूर्व प्रहरी वरिष्ठ उपरीक्षक नरेन्द्र कार्की लगायतका नेताहरूको उपस्थिति रहेको थियो । त्यस्तै महिला नेतृ प्रमिला सिंह, जिल्ला सदस्यहरू ध्रुव साह, नरेश यादव, सन्दीप भगत, मिठु घिसिङ, जनकपुरधाम नगर सभापति ललन कुमार नायक, उपसभापति सन्तोष साह, मिथिला नगरपालिका सभापति विजय साह, क्षीरेश्वरनाथ नगरपालिका सभापति श्याम किशोर यादव, विभिन्न पालिकाका प्रतिनिधि, युवा, महिला, पत्रकार तथा स्थानीय बुद्धिजीवीहरूको समेत सहभागिता रह्यो । कार्यक्रममा उपस्थित नेताहरूले लक्ष्मीनियामा गठन भएको पालिका समितिलाई बधाई तथा शुभकामना दिँदै रास्वपाले मधेसमा विश्वासिलो विकल्पका रूपमा स्थान बनाउनुपर्नेमा जोड दिएका थिए । लक्ष्मीनिया गाउँपालिका सभापतिमा कमलेश यादव र सचिवमा सुशिल मण्डल चयन भएसँगै अन्य सदस्यहरू समेत समेटिएको १५ सदस्यीय समिति गठन गरिएको छ । यसैगरी गाउँपालिकाको संयोजकमा गोपाल झा चयन भएका छन् । रास्वपाले हाल मधेश प्रदेशका विभिन्न स्थानीय तहहरूमा संगठन विस्तारको कामलाई तीव्रता दिइरहेको छ । यसअघि धनुषाका अन्य नगरपालिकामा पनि यस्तै समिति गठन भइसकेको छ भने अब बाँकी स्थानीय तहमा विस्तार गर्ने तयारी गरिएको जिल्ला सभापति लक्ष्मेश्वर यादवले जानकारी दिए ।

# घरबाट हराएका बालक मृत फेला

**मधेशदृष्टि**
**रौतहट ।**

रौतहटको गुजरा नगरपालिका–९ सिमराभवानिपुरबाट हराएका एक बालक मृत अवस्थामा फेला परेका छन् । स्थानीय बिजय रामका ३ वर्षीय छोरा आर्यन राम आफ्नो घरमा शनिबार घरबाट निस्केको थियो । प्रहरीले खोजतलास गर्ने क्रममा आइतबार मृत फेला परेको इलाका प्रहरी कार्यालय चंद्रनिगगाहपुरले जानकारी दिएको छ । बालक घर फर्की नआएपछि बालकको आमाले खोततलासका लागि प्रहरीमा निवेदन दिएकी थिइन् ।

निवेदनपछि प्रहरी टोली, चौकी सिमाराभवानीपुर र स्थानीय बासिन्दाले खोजतलास गर्दै जाँदा गुजरा ८ स्थित बालकको घरदेखि ७ सय मिटर पश्चिमतर्फ रहेको इनारमा मृत अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी प्रमुख प्रहरी नायब उपरिक्षक रूपा लाबुङ्गले जानकारी दिइन् ।



सम्पादकीय

# मिथिलाञ्चलमा राधाष्टमी उत्सव

मधेशको प्राचीन मिथिलाञ्चल क्षेत्रमा आइतबार राधाष्टमी उत्सव मनाइएको छ । द्वापरयुगमा भदौ शुक्लपक्ष अष्टमीका दिन भारतको उत्तरप्रदेशमा पर्ने गोकुलमा लक्ष्मी अवतारका रूपमा राधाको जन्म भएको विश्वासमा उत्सव मनाउने गरिन्छ । गोकुलका ग्वाला वृषभानुकी पुत्रीका रूपमा राधाको जन्म भएको हिन्दू जनविश्वास छ । ठिक १५ दिनअघि भदौ कृष्णपक्षको अष्टमी तिथिका दिन मथुरा कारागारमा जन्म भएर रातारात गोकुल पु¥याइएका श्रीकृष्ण र राधा सँगसँगै खेल्ने बालसखा भएका कृष्णचरित्र र श्रीमद् भागवतमा वर्णन गरिएको छ ।

राधा श्रीकृष्णकी अत्यन्त प्रिय छिन् । राधा लक्ष्मी अवतार र श्रीकृष्ण भगवान् विष्णुका आठौँ अवतार मानिन्छन् । गोकुलमा राधा र श्रीकृष्णको प्रीति अत्यन्त गाढा रहेको श्रीमद् भागवत महापुराणमा उल्लेख छ । पछि गोकुलबाट श्रीकृष्ण निस्केर द्वारका बस्न गएका थिए । प्रेम र समर्पण भावले सधैँ श्रीकृष्ण भज्ने राधा निःस्वार्थ प्रेमको पूजकका रूपमा हिन्दूबीच पूजित छिन् । उहाँका अनुसार आज राधाजीको जन्म भएको दिनको सम्झनामा मिथिलाञ्चलका कैयौँ ठाउँमा राधाष्टमी मेला उत्सव आयोजना भएका छन् ।

मधेशका विभिन्न भूगोलका राधाकृष्ण मन्दिरमा आइतबार बिहानैदेखि धार्मिक अनुष्ठान आयोजना गरिएका थिए । राधा हिन्दू मान्यतामा आराध्य देवी भएकी हुँदा यहाँ उत्सवका रूपमा राधाष्टमी मनाउने गरिएको हो । सत्सङ्ग पनि आयोजना गरिएका थिए । राधाजी जन्मका पौराणिक कथाका आधारमा ती विषय समेटिएको भावका मङ्गलगान मिथिलाञ्चल क्षेत्रमा गुञ्जिरहनेछन् ।

# सामाजिक एकताको पर्व गौरा



लोकराज अवस्थी

पूर्व–पश्चिम, हिमाल, पहाड तराई सबैका आ–आफ्ना तर फरकफरक चालचलन तथा संस्कृतिहरू छन्, जसले आ–आफ्नो समाजलाई एकताको सूत्रमा बाँधेको छ । आपसमा सद्भाव कायम गरेको छ, जुन नेपालीको पहिचान बनेको छ । यहाँ कुरा गर्न खोजिएको प्रसङ्ग हो, सुदूरपश्चिममा मनाइने गौरा पर्वको । देशका अन्य भू–भागजस्तै सुदूरपश्चिम क्षेत्रको पनि आफ्नै अलग्गै कला, भाषा, तथा संस्कृति रहेको छ, जुन आफैँमा महत्वको विषय बनेको छ । गौरा दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, डोटी, बझाङ, अछाम र कैलाली तथा मध्यपहाडी जिल्लाहरूमा हर्षोल्लासमय तरिकाले मनाइन्छ । हिन्दु धर्ममा आधारित भएकाले गौरा पर्व नेपालमा मात्र नभएर भारतका कुमाउ, हिमालय प्रदेश, कन्या कुञ्ज, गुजरात आदि क्षेत्रमा पनि मनाइन्छ । यस क्षेत्रका पहाडी जिल्लामा गौरा पर्व मौलिक रूपमा मनाइन्छ । जिल्लाअनुसार मनाइने विधि भने फरकफरक छ ।

गौरा विशेषगरी भदौ महिनामा पर्छ । तर तिथिअनुसार कहिले साउन र कहिले असोजमा पनि पर्छ । गौरा कति दिनसम्म मनाइन्छ भन्ने कुरामा भने एकरुपता पाइँदैन । पञ्चमीमा बिरुणा भिजाउने, सप्तमीमा गौरा भिल्याउने र अष्ठमीमा पूजा गर्नेमा समानता पाइन्छ तर गौरा बिर्सजन गर्ने मिति र तिथि फरकफरक हुने गर्दछ । कुनै ठाउँमा पाँच दिनसम्म, कुनै क्षेत्रमा सात या दश दिनसम्म पनि गौरा पर्व मनाइन्छ । गौरा पर्व लम्ब्याउनुका कारण देउडा लामो समयसम्म खेल्नु हो । दिनभरि काम गरी रातभरि देउडा खेल्ने गरिन्छ । गौरा पर्व महिलाहरूले मात्र मनाइने पर्व हो । गौराको सबै प्रकृया तथा विधिमा महिलाको मात्र सहभागिता रहने गर्दछ । तर, पुरूषले देउडा, धुमारीलगायतका परम्परागत खेल भने खेल्ने चलन रहेको छ ।

गौरा (गोःरा) कहिलेदखि मनाउन थालिएको हो भन्ने यकिन तथ्य कतै भेटिँदैन । यो पर्व गौरी, महेश्वर र हिमालय पर्वतसँग जोडिएकाले परापूर्वकालदेखि मनाउँदै आएको हो भन्ने अनुमान गर्न सकिन्छ । धार्मिक कथाअनुसार पार्वतीले भगवान शिवलाई पति पाउँ भनी व्रत लिएको र सो व्रतपछि पार्वतीले शिवजी पति पाएको भन्ने विश्वासमा गौरीअर्थात् गौराको उपासना बसी व्रत लिन थालेको भनाइ छ । तर यो भनाइसँग गौरा मनाउने तरिका भने त्यति मेल खाँदैन किनभने गौरामा विवाहित महिलाले व्रत बस्ने चलन छ । तर, गौरा बनबाट घरभित्र अविवाहित कन्याले ल्याउने गरिन्छ । यस तथ्यलाई आधार मान्दा गौरीले विवाह हुनुभन्दा पहिले शिवजी वर पाउँ भनी व्रत लिएको र शिवजी पति पाएपछि पतिको दिर्घायुको लागि व्रत बसेको अनुमान लगाउन सकिन्छ । गौरा अविवाहित कन्याले भिल्याउने तर पूजा र व्रत चाँहि विवाहित महिलाले मात्र बस्ने तथ्यले यसलाई पुष्टि गर्दछ । गौराको व्रत बस्ने महिलाले पतिको दीर्घायुको कामना गर्दछन् ।

गौरा पर्व भाद्र शुक्ल पक्षमा प¥यो भने उज्याली गौरा र कृष्ण पक्षमा प¥यो भने अन्यारी (अध्यारी) गौरा भनिन्छ । पहिलोचोटी गौराको व्रत बस्नका लागि उज्याली गौरा उत्तम मानिन्छ । गौराको व्रत बस्नुको अर्थ पुरूषको जनैजस्तै महिलाले दुब्धागो (पवित्र शुद्ध डोरी) लगाउनु हो । सातओटा रङहरूलाई विभिन्न देवताको प्रतिकको रूपमा लिइन्छ । उदाहरणका लागि कालो रङलाई महाकाली, रातो रङलाई लक्ष्मी, सेतो रङलाई सरस्वतीको प्रतीकको रूपमा लिइन्छ । यो विवाहित महिलाका लागि अनिवार्य हुन्छ । दुब्धागो लगाएपछि लुगा फेरेर खाने (भान्सा खाने) ङ र चोखो भइन्छ भन्ने मान्यता रहेको छ । दुब्धागोमा दुबोसहित सातवटा रङका धागो हुन्छन् । विवाहित महिलाले शौ◌ैभाग्यको प्रतीकको रूपमा दुब्धागो लगाउने गरेको धार्मिक पुराणमा वर्णन गरेको पाइन्छ ।

गौरा भाद्र पञ्चमीको दिनबाट शुरू हुन्छ । पञ्चमीका दिन बिरूणा भिजाउने गर्दछन्, जसलाई गौरा पर्वमा शुभ सङ्केतको रूपमा लिइन्छ । बिरूणामा पाँचवटा अन्नहरू केराउ, गुराँस, मास, गहत र गहुँको मिश्रण हुन्छ । गाउँभरीका महिलाहरू पँधेरोमा जम्मा भई सगुन (भक्ति गीत) गाउँदै बिरूणा धुने गरिन्छ । बिरूणा धुनलाई उपासना बस्ने चलन छ । तर, गाउँमा जुठो परेमा (मान्छे मरेमा) बिरूणा राखिँदैन । सुत्केरी तथा महिनावारी भएको◌े घरमा पनि बिरूणा राख्ने चलन छैन् । बिरूणालाई भगवान्को प्रसादका रूपमा लिने भएकाले चोखो भएर मात्र राख्ने चलन छ ।

सप्तमीको दिन गौरा पर्वको महत्वपूर्ण दिन हो । किनभने गौरा भिल्याउने दिन हो । सप्तमीको दिन अविवाहित छोरीचेलीहरू पाखामा उम्रेको धानको बिरूवा, सावा, दुबो, तिल र कुशबाट निर्मित मानवाकृर्ती गौराअर्थात् पार्वतीको मूर्ति निङ्लाको डालोमा गौरा घरमा भिल्याइन्छ । गौराको हात र टाउको साँवा मोडेर बनाइन्छ । बाहिरबाट रेशमी कपडाले सजाइन्छ । गौरालाई गौराघर (गोरेघर) भित्र ल्याइसकेपछि पूजा कोठमा राखिन्छ । दिउँसो १२ बजे पछि धार्मिक चलनअनुसार सप्तमीको व्रत बसेका विवाहित महिलाहरूले महादेव तथा गणेशको मूर्तिलाई थालीमा राखेर पूजा गर्दछन् । सप्तमीको प्रतीकका रूपमा सातवटा गाँठा (सात ठाउँमा बाँधेको) भएको धागोको डोरी सप्तमी धागो लगाएपछि मात्र खाना खाने चलन रहेको छ । सोही रातभरि गौरा खेल्ने ठाउँ (खलो¬) मा सबै जना भेला भई रातभरि जाग्राम बस्छन । व्रतालु महिलाले विभिन्न देवीदेवताको कथावाचन, फाग तथा सगुन गाउने गर्दछन् ।

गौराको दोस्रो दिनलाई अठ्वाली भनिन्छ । अष्टमीको दिन तथा अठ्वालीको समापनमा सबैले उक्त मूर्तिमा नयाँ दुब्धागो लगाउँछन । पुरानो दुब्धागो त्यही गौराको मूर्तिमा बाँधेर अन्तिम दिन गौरासँगै समापन गर्दछन् । अठ्वालीको दिन सगुन र फाग स्थानीय भाकामा गाइन्छ । अठवाली गाउनलाई एक घण्टादेखि लिएर तीन घण्टासम्म समय लाग्दछ । गौरापूजा गर्दा महादेव मूर्तिलाई पूजा सामग्रीले सजाइएको हुन्छ । सप्तमीमा भिल्याएको गौरा अष्टमीको दिन विधिवत् रूपमा पाठपूजा गरी बाहिर ल्याइन्छ । गौरा बाहिर ल्याइसकेपछि महिलाहरूले गौरा नाच नाच्ने तथा फाग सगुन गाउँछन् । गौराको पाठपूजा गरी सकेपछि बेलुकी गौरालाई पुनः गौराघरभित्र राखिन्छ । अष्टमीको दिन पनि महिलाहरू उपासना बस्ने गर्दछ ।

प्रायः जस्तो ठाउमा गौराको तेस्रो दिन बिर्सजन (सेलाउनु) गर्दछन् । गौरा सेलाउनुभन्दा अगाडि गौरामा चढाएका फलफूल तथा बिरूणा सफा चाँधरमा राखी आकासतिर फालिन्छ । स्थानीय भाषामा यसलाई फलफड्काउनु भन्ने गरिन्छ । फालिएका फल भुइँमा नखस्दै आकासबाटै समात्न सक्यो भने मनले सोचेको पूरा हने विश्वास गरिन्छ । यसकारण आकासतिर फल फालेपछि समात्नलाई मानिसको घुइँचो लाग्छ । अन्तमा गौरालाई पवित्र धार्मिकस्थलमा समापन गर्दछन् । गौरालाई एक वर्षका लागि बिदाइ गरेपछि रातभरि डेउडा खेल खेल्छन् ।

गौरा समापन (सेलाएको) दिन महिलाहरूले बिरूणाले परिवार तथा आफन्तको शिरमा पूजा गरी दीर्घायुको कामना गर्दछन् । बिरूणाले पूजा गर्ने कार्य सम्पन्न भए पछि औपचारिक रूपमा गौराको व्रत समापन भएको मानिन्छ । पञ्चमीको दिन भिजाएका बिरूणा भुटेर खाने गरिन्छ । बिरूणालाई गौरा देवीको प्रसादका रूपमा लिने गरिन्छ । बिरूणालाई आफन्त तथा नातागोतालाई बाँडिन्छ । जसले एक अर्काप्रतिको रिसराँग हटाई आत्मियता बढाउँछ ।

गौरा पर्वमा महिला र पुरूष दुवैका लागि महत्वपूर्ण पर्व हो । महिलाहरूले गौरा भिल्याउने तथा पूजा गर्ने गरे पनि पुरूषहरूले पनि डेउडा, चैत (स्थानीय लयमा भगवान् तथा वीरताका गाथा गाउने तरिका), धुमारी, छलो (हात तथा खुट्टाको प्रयोग गरी युद्ध कौसल प्रदर्शन गर्ने कला) लगायतका खेलहरू खेल्छन् । कुनै ठाउमा पुरूष पुरूष बीच डेउडा खेलिन्छ भने कुनै कुनै ठाउँमा महिला तथा पुरूषको बीचमा डेउडा खेल्ने गर्दछन् । गौरा शुरू हुनुभन्दा एक महिना अगाडिदेखि नै राति डेउणा खेल्ने गरिन्छ ।

गौरा पर्वलाई सरसर्ती हेर्दा सांस्कृतिक पर्वका रूपमा मात्र हेरिन्छ । तर यस पर्वले सामाजिक एकतालाई मजबुत बनाउने काम गरेको छ । समाजलाई एकसूत्रमा बाँधेको छ । समाजको संरचनालाई बलियो बनाई एकसूत्रमा बाँधी सामाजिक सद्भाव कायम राखेको छ । घरपरिवार धान्नका लागि वर्षभरि भारतका विभिन्न सहरमा काम गर्न गाउँलेहरू घर फर्कन्छन् । विविाह गरेका चेलीहरू माइती आउँछन् । परिवारमा खुसी आउछ । गौरा सामूहिक रूपमा मनाउने पर्व भएकाले यसले समाजिक सद्भावलाई पुनर्ताजकी गर्दछ । देउणा, चैत तथा धुमारी जे खेले पनि यी सबै सामूहिक खेल हुन् । एकअर्कासँग अँगालो मारेर खेल्ने गरिन्छ । जसले हामी एक हाँ◌ै भन्ने सन्देश दिन्छ । महिलाले खेल्ने खेल र फाग तथा सगुन पनि सामूहिक रूपमा खेलिने वा गाइने गरिन्छ । जसले सामाजिक आत्मीयता बढाउँछ । वर्षभरि तीतामीठा जे भए पनि गौरा पर्वमा सबैलाई बिर्साइदिन्छ । नयाँ ताजा सम्बन्ध जोडिदिन्छ । जसले एकताको सन्देश दिन्छ । गौराले आपसमा रहेका तिक्तालाई पनि हटाइदिन्छ ।

वर्ष खान नपाउनेहरू पनि गौरामा मिठो खान्छन् । वर्षभरि फाटेका लुगा लगाउनहरू पनि एक जोर नयाँ लुगा लगाउँछन् । जसले समाजमा सबै समान भएको देखाउँछ । अर्को महत्वपूर्ण कुरा यदि गाउँमा कुनै मानिस मरेमा त्यो वर्ष गौरा ल्याइँदैन् । त्यो वर्ष सबैले दुःख साटासाट गर्दछन् । यसले गाउँलेमा भएको आत्मीयतालाई झल्काउँछ । एकको दुःख सबैको दुःख हो । दुःख र सुख सबै बराबर साटासाट गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्दछ । यसबाट के पुष्टि हुन्छ भने गौरा पर्व सामाजिक एकता तथा सद्भावको पर्व हो । यसले समाजलाई एकताको सूत्रमा बाँधेको छ । संस्कृति, भाषा चलनको संरक्षणसँगै सामाजिक सद्भाव पनि कायम राखेको छ । समग्रमा, गौरा पर्वले सामाजिक एकता, पारिवारिक मिलन तथा भाषा संस्कृतिको संरक्षणका लागि अतुलनीय योगदान पुऱ्याएको छ । रासस

# वाचनालयदेखि पुस्तकालयसम्म दीपशिखा

वासुदेव पौडेल

कुनैबेला सामान्य वाचनालयका रुपमा शुरू गरिएको कास्कीको पोखरा महानगरपालिका–२९ भण्डारढिकस्थित दीपशिखा वर्तमानमा यस क्षेत्रकै सुविधा सम्पन्न पुस्तकालयका रुपमा विकास भएको छ । विसं २०४८ मा स्थानीय समाजसेवी र शिक्षाप्रेमीको पहलमा शुरू गरिएको वाचनालय पुस्तकालयमा स्तरोन्नति भएको मात्र नभई हाल करिब आठ हजार ८०० पुस्तकसहित सुविधा सम्पन्न बनिसकेको छ ।

लाइब्रेरियन धनु पहारी पौडेलका अनु◌ुसार आफ्नो निरन्तरको यात्राका क्रममा २०७९ सालमा यो पुस्तकालय देशभरका सार्वजनिक सामुदायिक पुस्तकालयमध्येबाट उत्कृष्ट भई नेपाल सरकार शिक्षा विज्ञान प्रविधि मन्त्रालयबाट १५औँ पुस्तकालय दिवसका अवसरमा पुरस्कृत भइसकेको छ । विशेषतःपुस्तकालयका आसपासका क्षेत्रबाट बालकदेखि वृद्धसम्म सबै उमेर समूहका पाठकको आकर्षण बनिरहेको यो पुस्तकालय विभिन्न आयोगको तयारी गरिरहेका परिक्षार्थीका लागि पनि वरदान सावित भएको छ ।

पुस्तकालयमा दैनिक विभिन्न उमेर समूहका पाठक आउने गरेको बताउँदै लाइब्रेरियन पौडेलले भन्नुभयो, ‘पुस्तकालयमा वैदेशिक रोजगारमा जानेका लागि सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गरिएको छ । त्यस्तै किशोरीका लागि प्रविधि एवं क्षमता अभिवृद्धि कार्यक्रम, समुदायमा स्वास्थ्य सचेतना कार्यक्रम, विभिन्न सीपमूलक विषयका तालिम गोष्ठी सेमिनार आदि समुदायमा मानवीय सेवा तथा सहयोग गर्ने नाफारहित सेवामूलक संस्थाका रुपमा काम गरिरहेको छ ।’ पुस्तकालयले बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मलाई सबैलाई जोड्ने लक्ष्य राखेको पुस्तकालयका अध्यक्ष कृष्णहरि भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार हाल पुस्तकालयमा आजीवन सदस्य १६७ जना रहेका छन् । त्यस्तै पाठक सङ्ख्या एक हजार जना रहेको छ भने दैनिक ५५ देखि ६० जनासम्म पाठकले यहाँ आएर नियमित अध्ययन गर्दै आएका छन् ।

पुस्तकालयमा निःशुल्क रुपमा आएर पढ्न सकिने व्यवस्था मिलाइएको जानकारी दिँदै लाइब्रेरियन पौडेलले पुस्तकालय परिचयपत्र प्रयोजनका लागि भने प्रतिव्यक्ति एक सय रुपैयाँ शुल्क लिने गरिएको जानकारी दिनुभयो । शुल्क तिरेर एक वर्ष समयावधिका लागि परिचयपत्र प्रदान गर्ने गरिएको र त्यसबाट आफूलाई चाहिने पुस्तक १५ दिनसम्मका लागि घरमा नै लगेर पढ्न सकिने र फिर्ता गरिने व्यवस्था मिलाइएको छ । सबै पुस्तकमा चिप्स जडित भई व्यवस्थित रुपमा राखिएको र पुस्तकलाई पाठक सदस्यहरूले सफ्टवेरमार्फत अभिलेख राखी पुस्तक घरमा लगेर पढ्न र फिर्ता गर्ने व्यवस्था गरिएको हो ।

पाठकको सहजतालाई दृष्टिगत गरी शनिबार पनि खुला रहने यो पुस्तकालय आइतबार एक दिन बिदा गर्ने गरिएको छ । आफ्नै सुविधासम्पन्न चारतले भवनमा सञ्चालित पुस्तकालयलाई व्यवस्थित प्रभावकारी बनाउँदै यसमा विभिन्न कक्षहरू सञ्चालनमा आएका छन् । पाठकको चाहनालाई आत्मसात् गर्दै आएको पुस्तकालयमा हरेक तीन–तीन महिनामा बजारमा आएका नयाँनयाँ प्रकाशित पुस्तक उपलब्ध गराउने गरिएको उहाँले जानकारी दिनुभयो ।

पुस्तकालयलाई व्यवस्थित बनाउँदै जाने लक्ष्यअनुरुप सञ्चालित बालकक्षमा बालबालिकालाई लक्षित गरी चित्रकला, कथा, कविता र सामान्य ज्ञान आदिका पुस्तक राखिएको छ ।

बालसाहित्यका करिब ७०० पुस्तक रहेका र खेलौनासँग बालबालिका खेल्दै पढ्ने वातावरण मिलाइएको छ । पुस्तकालयको बालकक्षले आफूहरूलाई धेरै नै फाइदा मिलेको स्थानीय जनप्रकाश माविमा अध्ययनरत छात्रा दर्पण कुमारीले बताउनुभयो । विद्यालय नजिकै रहेका कारण पनि आफू र साथीहरूले समयसमयमा पुस्तकालयमा आउने र पढ्ने गरेको उहाँको भनाइ छ ।

पुस्तकालयमा रहेको महिला कक्षमा महिला स्वास्थ्य एवं प्रजनन् स्वास्थ्यलगायत विषयका पाठ्यसामग्रीका साथै महिला अधिकारसम्बन्धी विभिन्न पुस्तक राखिएको छ । महिला कक्षकै प्रेरणास्वरुप करिब ५२० जना महिला सदस्य रहेको दीपशिखा महिला कृषि सहकारीसमेत सञ्चालनमा रहेको छ । महिला कक्षमा समयसमयमा महिलाका क्षमता अभिवृद्धिलगायत विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ । पुस्तकालयमा विभिन्न आयोगको तयारी गरिरहेका महिला नियमित रुपमा आएर अध्ययन गर्ने गरेका छन् । पुस्तकालय आफूजस्ता आयोगको तयारी गरिरहेका धेरैका लागि ठूलो सहयोगी बनेको नियमित पाठक माया गौतमले बताउनुभयो । ‘मैले विगत एक वर्षयता आयोगकै तयारीका सन्दर्भमा यस पुस्तकालयमा आउने गरेकी छु,’ उहाँले भन्नुभयो ।

गौतम जस्तै चाटर्ड एकाउन्टेन्टका लागि तयारी गरिरहेकी आर्जु थापामगर पनि आफ्ना लागि पुस्तकालय धेरै नै सहयोगी बनिरहेको अनुभव सुनाउनुभयो । पुस्तकालयमा रहेको सभाहलमा विभिन्न तालिम गोष्ठी सेमिनार गर्न सकिनेछ । श्रव्य दृश्यसहितको सुविधा सम्पन्न यो सभाहल पुस्तकालयका साथै अन्य विभिन्न कार्यक्रम गर्न उपयोगी बनेको छ ।

पुस्तकालयमा रहेको खेलकुद, सङ्गीत कक्षमा युवा लक्षित खेलकुद र सङ्गीतका सामग्री राखिएको छ । यस कक्षमा विभिन्न खेलकुदका सामग्री, बाद्यवादनका सामग्री राखिएका छन् । आवश्यकता र रुचिअनुसार युवाले यी सामग्री प्रयोग गर्दै आएका छन् । पुस्तकालयमा हाल तीन कर्मचारी कार्यरत छन् । विभिन्न सङ्घसंस्थाबाट प्राप्त सहयोगका साथै प्रदेश सरकारबाट समयसमयमा प्राप्त हुने अनुदानबाट पुस्तकालयको व्यवस्थापनलाई सहयोग पुग्ने गरेको छ ।

पुस्तकालयमा रहेको कम्प्युटर आइसिटी कक्षमा इमेल इन्टरनेटसहित निःशुल्क कम्प्युटर शिक्षा उपलब्ध गराउने गरिएको छ । यस कक्षमा पाँच वटा ल्यापटप तथा पाँच वटा डेस्कटप कम्प्युटर रहेका छन् । कम्प्युटरको आधारभूत ज्ञान आवश्यक हुने पाठकलाई पुस्तकालयले निःशुल्क रुपमा कम्प्युटर तालिम उपलब्ध गराउँदै आएको लाइब्रेरियन पौडेलले जानकारी दिनुभयो ।

यसबाट विभिन्न रोजगारीका सन्दर्भमा आधाभूत कम्प्युटरको ज्ञान आवश्यक हुने पाठक विशेष रुपमा लाभान्वित हुने गरेका छन् ।

**जन्मदिनमा पुस्तकालयलाई एक रुपैयाँ**

पुस्तकालयको दिगो सञ्चालनकै लागि पाठक एवं समाजसेवीबाट जन्मदिनका अवसरमा स्वेच्छिक रुपमा दिनको एक रुपैयाँ सङ्कलन अभियान चलाइएको अध्यक्ष भण्डारीले जानकारी दिनुभयो । दिनको एक रुपैयाँका दरले सहयोगीबाट वर्षको न्यूनतम ३ सय ६५ रुपैयाँ सङ्कलन अभियानस्वरुप एक वर्षकै अवधिमा करिब एक लाख रुपैयाँ सङ्कलन भइसकेको उहाँले जानकारी दिनु◌ुभयो ।

पुस्तकालयको दिगो सञ्चालनकै लागि पुस्तकालय भवनका सटरबाट मासिक करिब ५० हजार रुपैयाँ सङ्कलन हुने भएकाले कर्मचारी व्यवस्थापनलाई केही सहयोग पु◌ुगेको छ । दिगो सञ्चालनकै लक्ष्यका साथ शुरू गरिएको अक्षयकोष सङ्कलन अभियानबाट करिब २० लाख रुपैयाँ अक्षयकोषसमेत सङ्कलन भएको र त्यसलाई रु ५० लाखसम्म पु¬याउने लक्ष्य राखिएको छ ।

पुस्तकालयले यसवर्ष भदौ १५ गते मनाउन लागिएको १८औँ राष्ट्रिय पुस्तकालय दिवसलाई विभिन्न कार्यक्रमका साथ मनाउन लागेको छ । ‘हाम्रो पुस्तकालयः हाम्रो भविष्य’ भन्ने आदर्श वाक्यका साथ मनाउन लागिएको यसवर्षको पुस्तकालय दिवसका अवसरमा विभिन्न कार्यक्रम आयोजना गरिएको कार्यक्रम संयोजक विष्णुहरि पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार पुस्तकालयले दिवसका अवसरमा पुस्तकालयमा वर्षभर आउने बाल पाठकलाई लक्षित गरी चित्रकला प्रतियोगिता, प्रभातफेरी, विद्यालयस्तरीय प्रतियोगितात्मक ‘भानुभक्तकृत रामायणका श्लोकको लयात्मक वाचन’ कार्यक्रम आयोजना गरिएको छ ।

नेपालमा १८६९ भदौ १५ गते तत्कालीन राजा गीवार्णयुद्ध विक्रम शाहले हनुमानढोकामा पहिलोपटक ‘पुस्तक चिताइ तहबिल’ स्थापना गर्नुभएको थियो । त्यस समयमा पुस्तकालयको रेखदेखका लागि पं केदारनाथ झालाई जिम्मेवारी दिइएको थियो । पुस्तक चिताइ तहबिलका रूपमा पुस्तकालयसम्बन्धी पहिलो कानुन बनेको दिनको स्मरण गर्दै २०६५ सालदेखि औपचारिक रूपमा पुस्तकालय दिवस मनाउँदै आइएको हो । पछिल्लो तथ्याङ्कले नेपालमा सामुदायिक पुस्तकालयको संख्या एक हजारभन्दा बढी छ ।

सामुदायिक जागरणका लागि पुस्तकालय अपरिहार्य भएको ठहर गर्दै तत्कालीन समयमा महाकवि लक्ष्मीप्रसाद देवकोटालगायत केही बौद्धिक व्यक्तित्वहरूले प्रधानमन्त्री भीम शमसेरका पालामा पुस्तकालय स्थापना गर्दा १९८७ सालमा ‘लाइब्रेरी पर्व’ भएको थियो । त्यस समयमा पुस्तकालय स्थापना गरेबापत तत्कालीन सरकारबाट उनीहरूलाई जनही १०० रुपैयाँ जरिवाना तिराइएको थियो ।

**पठन संस्कृतिको विकासका लागि वरदान**

पछिल्ला समयमा पठन संस्कृतिको अभाव भइरहेका समयमा सामुदायिक पुस्तकालय पठन संस्कृतिको जगेर्नाका लागि पनि उपयोगी बन्दै आएका छन् । सङ्घीय संरचनापछि प्रदेश तथा स्थानीय तहबाट पनि सामुदायिक पुस्तकालयको विकासका लागि विभिन्न पहल कदमी गरिँदै आइएको पाइन्छ । एक वर्षअघि गण्डकी प्रदेश सरकारले प्रदेशभित्रका १५ वटा पुस्तकालयलाई स्तरोन्नतिका लागि अनुदानसमेत उपलब्ध गराएको थियो ।

स्तरोन्नतिका लागि मापदण्ड पूरा गरेका १५ वटा पुस्तकालय अनुदानका लागि छनोट गर्दै सरकारले ती प्रत्येक पुस्तकालयलाई रु एक लाख ७५ हजारका दरले अनुदान सहयोग प्रदान गरेको थियो । पुस्तकालयको पुस्तक खरिद, फर्निचर, सूचना प्रविधिलगायतमा खर्च गर्नेगरी अनुदान रकम उपलब्ध गराइएको थियो । पुस्तकालयलाई सामुदायिक अध्ययन केन्द्रका रुपमा विकास गर्दै भूगोल, इतिहास, कला, साहित्य, संस्कृति, पर्यटनलगायत विषयका पठन सामग्रीको व्यवस्थापनबाट गण्डकी प्रदेशको पहिचानलाई सुदृढ बनाउने उद्देश्यका साथ उक्त सहयोग गरिएको थियो ।

गण्डकी प्रदेशबाट दीपशिखा सामुदायिक पुस्तकालयसहित पोखरा सार्वजनिक पुस्तकालय, पोखरा सामुदायिक पुस्तकालय, बाग्लुङको विद्यामन्दिर पुस्तकालय, स्याङ्जाको कालिका पुस्तकालय, मातृभूमि पुस्तकालय र अर्जुनचौपारी पुस्तकालयलाई सहयोग प्रदान गरिएको थियो ।

यसैगरी लमजुङको जनचेतना पुस्तकालय र भोटेओडार पुस्तकालय, मुस्ताङको थाक पुस्तकालय, म्याग्दीको सामुदायिक पुस्तकालय, तनहुँको देवघाट पुस्तकालय, गोरखाको त्रिभुवन पुस्तकालय, नवलपुरको नवक्षितिज पुस्तकालय र फूलबारी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रलाई अनुदान सहयोग उपलब्ध गराइएको हो । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# अबका दश दिनमा मल पाइन्छः कृषिमन्त्री

**कपिलवस्तु ।** कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले भारतबाट १० दिनभित्र युरिया मल सहज रूपमा उपलब्ध हुने बताएका छन ।

चन्द्रौटामा आईतवार आयोजित एक कार्यक्रममा उनले कोलाकाताबाट आयात गरिएको मल सातादशदिनमा आइपुग्ने र किसानले सहज रूपमा पाउने बताए । अब मलको हाहाकार नहुने बताउँदै उनले किसानलाई आश्वस्त पारे ।

मन्त्री अधिकारीले जिल्लाको खेतयोग्य जमिन र उत्पादनका आधारमा मल वितरण गर्नुपर्ने बताए । ‘मल वितरण गर्दा वास्तविक कृषकलाई प्राथमिकता दिनुपर्छ, ठूलो भूभागमा खेती गर्ने किसानले मल अभावका कारण आर्थिक क्षति बेहोर्नु नपरोस् भन्नेमा हामी संवेदनशील छौँ’, उनले भने । नेपाली कांग्रेसका जिल्ला सभापति तथा महाराजगञ्ज नगरपालिकाका प्रमुख अब्दुल कलामले सरकारी मल वितरण प्रणालीलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

सोही पार्टीका जिल्ला उपसभापति उमाकान्त खनालले आगामी वर्षदेखि किसानलाई मल, बीउलगायत सामग्री वर्षायाम अगावै उपलब्ध गराउने योजनामा काम गर्न सुझाए । रासस

# ‘ऊर्जा क्षेत्रमा लगानीको वातावरण सिर्जना गर्न सरकार प्रयासरत छ’

**काठमाडौँ ।** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले ऊर्जा क्षेत्रमा लगानीको वातावरण निर्माण गर्न सरकार प्रयासरत रहेको बताएका छन । सुदूरपश्चिम प्रदेशमा आगामी मङ्सिर १ र २ गते धनगढीमा गर्न लागेको ‘सुदूरपश्चिम प्रदेश लगानी तथा विकास सम्मेलन’को पूर्वसन्ध्यामा आईतवार ऊर्जा मन्त्रालयमा आयोजित कार्यक्रममा उनले ऊर्जा क्षेत्रको विकासका लागि मन्त्रालयले नीतिगत सुधारलाई उच्च प्राथमिकतामा राखेको बताए ।‘संविधान निर्माणपछि हामी कानुन निर्माणको चरणमा छौँ, जुन गतिमा कानुन निर्माण हुनुपर्ने हो त्यो अझै हुन सकेको छैन, ऊर्जा क्षेत्रको विकासका लागि सरकारले नीतिगत सुधारलाई उच्च प्राथमिकतामा राखेको छ’, उनले भने ।

मन्त्री खड्काले मुलुक सङ्घीयतामा गएपछि सबै प्रदेशले आफ्ना प्रदेशलाई कसरी सशक्त र सवलीकरण गर्न सकिन्छ भनेर चासो र चिन्ता लिनु सकारात्मक पक्ष भएको धारणा राखे । ‘सरकारले निजी क्षेत्रसँग सहकार्य र समन्वय गर्दै मुलुकको आर्थिक विकासमा अगाडि बढेको छ, विकास निर्माणमा अवरोध देखिएका कानुनलाई समयअनुसार संशोधन गर्दै अगाडि बढेका छौँ’, उनले भने । ऊर्जामन्त्री खड्काले विकास निर्माणलाई अगाडि बढाउन सङ्घ र प्रदेश सरकारद्वारा निर्मित कानुनबीच तालमेल हुनु जरुरी रहेको बताए । उनले जलविद्युत् निर्माणका क्रममा वन र जग्गा प्राप्ति समस्याका रूपमा रहेको भन्दै यसलाई समाधान गर्न तीनै तहका सरकारबीच समन्वय हुनु आवश्यक रहेको उल्लेख गरे ।

मन्त्री खड्काले विकास निर्माणका क्रममा देखिने समस्यालाई कानुनी विधिअनुसार समाधान गर्नुपर्नेमा जोड दिए । उनले मुलुकमा भएका स्रोतसाधनलाई अधिकतम प्रयोग गर्दै समृद्ध मुलुक निर्माणमा सरकारले काम गरिरहेको उल्लेख गरे । मन्त्रालयले ऊर्जा क्षेत्रमा थुप्रै नीतिगत निर्णय गरेर अगाडि बढ्न चाहेको उनको भनाइ छ । ऊर्जामन्त्री खड्काले विद्युत् क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई उत्पादनसँगै प्रसारण लाइन निर्माण र विद्युत् खरिदबिक्रीसम्म गर्ने व्यवस्था मिलाउन लागिएको बताए । सरकारले नीतिगत सुधार गर्दै प्रभावकारी काम गरिरहेको उनको भनाइ छ ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिमको विकास र समृद्धिका लागि लगानी सम्मेलन आयोजना गर्न लागिएको बताउँदै उक्त सम्मेलनमा जोडिन सबैलाई आग्रह गरे । ‘लगानी सम्मेलन लगानीमा मात्र केन्द्रित नभई मुलुकलाई केही दिन सकिन्छ की भनेर लागिरहेका छौँ, प्रदेशको विकास र रोजगारी प्रदान गर्ने बाटोमा हामी इमान्दारपूर्वक लागिरहेका छौँ’, उनले भने । उनले लगानी सम्मेलनलाई सफल पार्न केन्द्र सरकारको साथ र सहयोग आवश्यक पर्नेमा जोड दिए ।

सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव डा कमल पोखरेलले सुदूरपश्चिम सबै क्षेत्रमा प्रशस्त सम्भावना भएको प्रदेश भएकाले उक्त स्रोतको समुचित प्रयोग गरी समृद्ध मुलुक बनाउनका लागि सम्मेलन आयोजना गरिएको जानकारी दिए । धनगढीको सिटी हलमा दुई दिनसम्म सञ्चालन हुने सम्मेलनमा उद्घाटन सत्रका साथै विकास निर्माण, लगानीका सम्भावनाबारे विभिन्न बैठक र सम्झौता गरिने कार्यक्रम छ । सुदूरपश्चिम प्रदेशमा हाल आठ हजार २४१ मेगावाटका १०८ जलविद्युत् आयोजना कुनै न कुनै रूपले अगाडि बढिरहेका विद्युत् विकास विभागका महानिर्देशक जीवछ मण्डलले जानकारी दिए । छलफलमा सुदूरपश्चिम प्रदेशमा ऊर्जा क्षेत्रको विकास गरिरहेका कम्पनीहरूले ऊर्जा क्षेत्रको विकासमा भोग्नुपरेका प्रसारण लाइन, जग्गा प्राप्ति, वनलगायत समस्याका बारेमा जानकारी गराएका थिए ।रासस

# कानुनी संरचना र अपर्याप्त लगानीको अभावले पुस्तकालयहरु पूर्ण क्षमतामा सञ्चालन हुन सकेनन्’




**काठमाडौं ।** सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले कानुनी संरचना पर्याप्त लगानी र प्रविधिको कमिका कारण पुस्तकालयहरु अझै पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको बताएका छन् ।

आइतबार काठमाडौंमा राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उनले सरकार,स्थानीय तह र समुदाय मिलेर पुस्तकालयलाई बलियो कानुनी आधार,बजेट र प्रविधिसहित सक्षम बनाउन आवश्यक रहेको बताए ।

उनले भने,‘पुस्तकालयहरु केवल अध्ययन स्थल मात्र होइनन् ,यी नागरिकको चेतना जगाउने केन्द्र ,सामाजिक संवादका चौतारी र परिवर्तनको उत्प्रेरक शक्ति पनि हुन् । समाजका सबै तहका मानिसहरुको लागि पुस्तकालयले शिक्षा,सिप र आत्मबल प्रदान गर्दै आएको छ । यद्यपी कानुनी संरचना पर्याप्त लगानी र प्रविधिको कमिका कारण अझै पूर्ण क्षमतामा पुगेका छैनन् । अब सरकार,स्थानीय तह र समुदाय सबै मिलेर पुस्तकालयलाई बलियो कानुनी आधार,बजेट र प्रविधिसहित सक्षम बनाउन अतिआवश्यक छ ।’

मन्त्री गुरुङले पुस्तकालय केवल किताव राख्ने स्थल मात्र नभई ज्ञानको केन्द्र चेतना जगाउने स्तर र समाजको दिगो विकासको आधार पनि भएको धारणा राखे । आजको डिजिटल युगमा पनि पुस्ताकालयको महत्व कम नभएको बताउँदै उनले यसले डिजिटल पहुँच, इ–पुस्तक,अनुसन्धान सामाग्री र सुरक्षित अध्ययन वातावरण प्रदान गर्दै नागरिकलाई शसक्त बनाएको बताए ।

‘पुस्तकालय केवल किताव राख्ने स्थल मात्र होईन् । यो ज्ञानको केन्द्र चेतना जगाउने स्तर र समाजको दिगो विकासको आधार पनि हो । नेपालको पुस्तकालय इतिहास, जनचेतना, सामाजिक रुपान्तरण र प्रजातान्त्रिक आन्दोलनसँग गहिरो रुपमा गाँसिएको छ । आजको डिजिटल युगमा पनि पुस्ताकालयको महत्व कम भएको छैन । यसले डिजिटल पहुँच,इ–पुस्तक,अनुसन्धान सामाग्री र सुरक्षित अध्ययन वातावरण प्रदान गर्दै नागरिकलाई शसक्त बनाएको छ ।

युवाहरुको लागि पुस्तकालय अनुसन्धान नवप्रवद्र्धन र सिप विकासको प्रमुख स्थल बनेको उनको भनाई छ ।रासस

# लगानीको वातावरण सिर्जना गर्न सरकार लागिरहेको छः उपप्रधानमन्त्री पौडेल

**काठमाडौँ ।** उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले लगानीको वातावरण सिर्जना गर्नतर्फ सरकारले काम गरिरहेको बताएका छन ।

ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान) को ४७ औँ वार्षिक साधारणसभाको आईतवार उद्घाटन गर्दै उपप्रधानमन्त्री पौडेलले भने, ‘सरकार निजी क्षेत्रको आत्मविश्वास बढाउने र मुलुकमा लगानीको वातावरण सिर्जना गर्ने दिशामा काम गरिरहेको छ । उपप्रधानमन्त्री पौडेलले पर्यटन प्रवद्र्धन र राष्ट्रिय अर्थतन्त्रको विकासमा सरकार प्रतिबद्ध रहेको पनि जानकारी गराए । उनले आफूले सरकार सम्हाल्दा अर्थतन्त्रमा सम्पूर्ण सूचकहरु नकारात्मक भएको उल्लेख गर्दै भने, ‘अहिले अर्थतन्त्रका सबै सूचकहरुमा सकारात्मक परिवर्तन आएको छ । हिजो हामीले सरकार संहाल्दा अर्थतन्त्रका सूचकहरु नकारात्मक थिए ।’

त्यसैगरी उपप्रधानमन्त्री पौडेलले ‘भ्याट’ छुट दिनसक्ने अवस्थामा सरकार नरहेको स्पष्ट गरे । उनले भने, ‘राजस्वबाट साधारण खर्च धान्न नै अहिले मुस्किल छ । अहिले भ्याट छुटभन्दा पनि व्यवसाय प्रवद्र्धनका योजना कार्यक्रमहरु ल्याउनुहोस् । सरकार सहजीकरण गर्न तयार छ ।’

उनले राजनीतिक स्थायित्व सुनिश्चित गर्दै मुलुक स्थिरताको बाटोमा अघि बढेको उल्लेख गर्दै उनले थपे, ‘अहिलेको सरकार बलियो र स्थिर छ । यही सरकार २०८४ को निर्वाचनसम्म अघि बढ्छ र यसले नीतिगत स्थिरता दिन्छ । सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्न विशेष ध्यान दिएका छौँ ।’

कार्यक्रममा ‘टान’का अध्यक्ष सागर पाण्डेले पर्यटन क्षेत्रको विकासका लागि नीतिगत सुधार र पूर्वाधार विकासमा सरकारले जोड दिनुपर्ने बताए । उनले भने, ‘सरकारले व्यावसायीलाई सहज वातावरण बनाउन नीतिगत सुधार र पूर्वाधार विकासमा ध्यान दिन आवश्यक छ ।’

सो अवसरमा पर्वतीय पर्यटन विकासमा योगदान पुऱ्याउने विभिन्न सङ्घसंस्था र सञ्चारकर्मीलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो ।रासस

# बैंक नोट बाहेकका सबै सरकारी कागजपत्र नेपालमै छाप्ने तयारी

**काठमाडौं ।** सरकारले बैंक नोट वाहेकका सबै कागजपत्र नेपालमै छाप्ने व्यवस्था गरेको छ ।

सरकारका प्रवक्ता समेत रहेका सुचना तथा सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङले सरकारसँग जोडिएका सबै स्टिकरहरु, हुलाक टिकट, लालपुर्जा लगायतका सबै कागजपत्र नेपालमै छाप्ने व्यवस्था गरेको बताएका हुन् ।

आइतबार अठारौं पुस्तकालय दिवस २०८२ मूल समारोहमा बोल्दै उनले भने, ‘अवदेखी बैंक नोट वाहेक सबै चिजहरु हुलाक टिकट, स्मार्ट कार्डहरुदेखि लिएर हाम्रो लालपूर्जादेखि लिएर सिटिजनसिप,राष्ट्रिय परिचय पत्र, पासवर्डको कुरा गरौँ । सरकारसँग जोडिएका सबै स्टिकरहरु हाम्रो सुरक्षण मुद्रण केन्द्रमा नै छापिन्छ । यही प्रिन्ट गर्छौ । यो बर्षदेखि बन्द गरेका छौ, गएको बर्षसम्म हुलाक टिकट विदेशमा छापिन्थ्यो जुन वेलादेखि हुलाक टिकटको प्रयोग हुन्थ्यो ।’

उनले यस वर्ष कर्मचारी व्यवस्थापनको अभावका कारण भिसा कार्ड, हुलाक टिकट र लालपुर्जा जनकशिक्षा सामाग्री केन्द्रलाई छाप्न दिएको बताए । ‘यो वर्ष कर्मचारी व्यवस्थापनको अभावका कारण जनकशिक्षा सामाग्री मार्फत भिसा कार्ड, हुलाक टिकट र लालपुर्जा छाप्न दिएका छौ । हाम्रो कर्मचारीको व्यवस्थापन हुन अव एक हप्ता लाग्छ यो कर्मचारीको व्यवस्थापन भएपछि सबै सुरक्षण मुद्रण केन्द्रमा नै छापिने जानकारी गराउछु,’उनले भने । बैंक नोटको लागि छुट्टै मेसिनको आवश्यकता पर्ने भन्दै बैंक नोट खदिर गर्नुपर्ने बताए । उनले हरेक मन्त्रालय, विभाग र सरकारसँग जोडिएको संगठनहरुले सुचना तथा सञ्चार मन्त्रालयलाई जानकारी गराएर मात्र डकुमेन्टहरु छाप्नुपर्ने बताए । ‘परराष्ट्रमन्त्रालयले ६४ लाख पासवर्ड छाप्नुपर्ने भन्यो । त्यो हामीलाई ६ महिला अगाडि नै जानकारी गराउनुपर्छ । हरेक मन्त्रालय, विभाग र सरकारसँग जोडिएको संगठनहरुले सुरक्षण मुद्रण केन्द्रसँग जोडिएका डकुमेन्टहरु छाप्नको लागि सुरक्षण मुद्रण ऐन अनुसार सुचना तथा सञ्चार मन्त्रालयलाई जानकारी गराउनुपर्छ,’उनले भने । रासस

# ‘पार्टीलाई बलियो बनाउन कांग्रेसमा हार्दिकता आवश्यक छ’

**बाँके ।** नेपाली कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङले पार्टीलाई बलियो बनाउन नेता, कार्यकर्ताबीच हार्दिकता आवश्यक रहेको बताएका छन ।

नेपाली कांग्रेस बाँके प्रशिक्षण शाखाद्वारा नेपालगञ्जमा आयोजित दुईदिने जिल्लास्तरीय प्रशिक्षण कार्यक्रमलाई आइतवार उद्घाटन गर्दै उपसभापति गुरुङले कार्यकर्तामा हार्दिकता अभाव हुँदा आमनिर्वाचनमा त्यसको प्रभाव पर्ने गरेको उल्लेख गरे ।




उनले यस्ता प्रशिक्षणले तल्लो तहमा रहेका कार्यकर्तामा हार्दिकता जोड्ने धारणा राखे ।

‘कांग्रेसभित्र हार्दिकता जोड्दै सहकार्य र समन्वय आवश्यक छ’, उपसभापति गुरुङले भने, ‘त्यसको अभाव हुँदा निर्वाचनमा हामीले तीतो अनुभव बटुल्दै आएका छौँ । यस्ता प्रशिक्षणले हार्दिकतालाई जोड्ने काम गर्छ ।’ कांग्रेसको सिद्धान्तप्रति प्रतिबद्ध गराउन प्रशिक्षण अत्यन्तै जरुरी रहेको उनको भनाइ छ ।

‘कांग्रेसका तल्लो तहमा पार्टीको सिद्धान्तबारे बहस गर्नसक्ने क्षमता जगाउन तालिम, सीप विकासका लागि यस्ता प्रशिक्षण आवश्यक छ’, उनले भने, ‘जसले गर्दा पार्टीलाई बलियो र जनता केन्द्रित बनाउँछ ।’

उपसापति गुरुङले आपसी समन्वय र सहकार्यमार्फत जनचाहनाअनुसार कार्यसम्पादन गर्नुपर्नेमा जोड दिँदै सहकार्यको अभावमा गन्तव्यमा पुग्न नसकिने उल्लेख गरे ।

‘राजनीतिको राजमार्गमा सबैलाई समेट्दै लैजानुपर्छ’, उनले भने, ‘समन्वय र सहकार्य हुन सकेन भने गन्तव्यमा पुग्न सकिँदैन । पार्टीभित्र र बाहिर पनि आवश्यकता अनुसार सहकार्य गर्दै जानु जरुरी छ ।’

कांग्रेसका जिल्ला सभापति नारायणप्रसाद गौडेलले कांग्रेस बाँकेले कार्यकर्तालाई प्रशिक्षित बनाउँदै लगेको बताउँदै पालिका र वडा तहमा नेतृत्व गर्ने सबैलाई प्रशिक्षित गराइने उल्लेख गरे । उनले प्रशिक्षण कार्यक्रमका माध्यमबाट गाउँटोल हुँदै पार्टीलाई बलियो बनाउने अभियानमा आफूहरू लागिपरेको बताए ।

प्रशिक्षण शाखा प्रमुख गोपालप्रसाद अधिकारीको सभापतित्वमा भएको कार्यक्रमको उद्घाटन सत्रमा नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुन, लुम्बिनी प्रदेशका प्रशिक्षण विभाग प्रमुख भुवनप्रसाद श्रेष्ठलगायत नेताको उपस्थिति छ ।

प्रशिक्षणमा बाँके जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, महासमिति तथा महाधिवेशन प्रतिनिधिहरू, क्षेत्र, प्रदेशसभा क्षेत्र तथा पालिका कार्यसमितिका पदाधिकारीहरू, निर्वाचित पालिका प्रमुख तथा उपप्रमुखहरू, भ्रातृ तथा शुभेच्छुक संस्थाका केन्द्रीय पदाधिकारी तथा सदस्य, जिल्ला अध्यक्षसहित करिब ३५० जनाको सहभागिता रहेको प्रशिक्षण शाखा सचिव उमा थापामगरले जानकारी दिए ।

दुई दिनसम्म सञ्चालन हुने प्रशिक्षणमा नेपाली कांग्रेस केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान विभागका कार्यकारी निर्देशक डा बुद्धिमान श्रेष्ठले ‘नेपालको संविधानः संविधान कार्यान्वयनमा कांग्रेसको भूमिका र दायित्व’, प्रतिष्ठानका निर्देशक डा कृष्णप्रसाद पौडेलले ‘नेपाली कांग्रेसको तहगत संरचना र नेतृत्व विकास’ र ‘साङ्गठानिक अवस्था र सङ्गठन विस्तारको रणनीति’, नवीन श्रेष्ठले ‘नेतृत्व क्षमताको विकास’, विश्वदीप लामिछाने ‘सङ्गठन विस्तारमा सूचना प्रविधिको प्रयोग र प्रभाव’, तीर्थ पौडेलले ‘प्रशिक्षणको विधि, प्रशिक्षकका सीप र प्रभावकारिता’, डा जगदीशचन्द्र पोखे्रलले ‘लोकतान्त्रिक समाजवादः नेपाली कांग्रेसको आर्थिक नीति, उपलब्धि र भावि कार्यदिशा’ र डा सञ्जय महतोले ‘युवा, रोजगारी र उद्यमशिलता’का विषयमा प्रशिक्षण दिने कार्यक्रम रहेको छ ।रासस

# बाँझिएको जमिनलाई फाँडेर रहरलाग्दो कागतीखेती

**स्याङ्जा ।**
यहाँका एक युवाले व्यावसायिक रूपमा कागतीखेती गरेका छन । स्याङ्जाको वालिङ नगरपालिका–५ चिसापानीका ऋषि रेग्मीले व्यावसायिक रूपमा कागतीखेती गरी मनग्य आम्दानी लिन थालेका हुन ।

विसं २०७८ मा भएको कोरोना महामारीले उत्पन्न भएको 'लकडाउन'का बेला गाउँमै कागतीखेती थाल्नुभएका उनले गत वर्षदेखि उत्पादन लिन थालेका हुन । गल्याङ नगरपालिका–५ स्यालबासबाट एक सय बोट सुन कागतीका बेर्ना ल्याएर लगाए थिए ।

कोरोनाका समयमा घरबाहिर हिँडडुल गर्न नभएपछि समयको सदुपयोग गर्दै कागतीखेती गर्ने योजना बनाएर काम सुरु गरेका



रेग्मीको अहिले आम्दानीको गतिलो स्रोत नै कागती बन्न पुगेको छ । 'बाँदरको समस्याका कारण खेतीयोग्य जमिन बाँझिदै गएपछि विकल्पका रूपमा कागतीको सम्भावना देखेपछि कागती रोपेको हुँ', उनले भने, 'त्यतिबेला देखेको सपना अहिले आएर साकार हुँदै गएको छ, खुसी छु ।'

खेतीपाती नभएपछि बाँझिएको जमिनलाई फाँडेर उनले गाउँमै पहिलोपटक व्यावसायिक रूपमा थालेको कागतीखेती आज नमूनाका रूपमा रहेको छ । कागतीखेतीसम्बन्धी प्राविधिक ज्ञान नभए तापनि युट्युबमा हेर्रै त्यसको प्रयोग गरिरहेको उनले बताए ।

'एक सय बोटमध्ये ९० बोटले गत वर्षबाट राम्रो उत्पादन दिन थालेका छन', उनले भने, 'गत वर्षको तुलनामा यस वर्ष झनै राम्रो उत्पादन छ, गत वर्षभन्दा उत्पादन दोब्बर बढी हुँदै गएको छ ।'

झण्डै पाँच रोपनी क्षेत्रफलमा व्यावसायिक कागतीखेती गरेका रेग्मीले गत वर्षमात्र झण्डै ६० हजार रुपैयाँ को कागती बिक्री गरेका थिए ।

यहाँ उत्पादन भएको कागती स्थानीय वालिङ बजारका होटलमा खपत हुँदै आएको छ । उनले कागती प्रतिकेजी दुई सय रुपैयाँ देखि तीन सयका दरले बिक्री गर्दै आउनुभएको छ । 'यहाँ उत्पादन भएको कागतीले बजार नपाउने भन्ने समस्या अहिलेसम्म छैन', उनले भने, 'कागती व्यापारीलाई नभई सिधैँ होटलमा बिक्री गर्ने भएकाले पनि बजार मूल्य राम्रो पाएको छु ।'

खाली तथा बाँझिएको जमिनमा अझै नयाँनयाँ बोट थप्दै जाने योजनामा उनि छन । गाउँमा व्यावसायिक रूपमा उनले कागतीखेती गरेर उत्पादनसँगै आम्दानी लिन थालेपछि अहिले त्यहाँका स्थानीयवासी पनि कागतीखेतीलाई व्यावसायिक रूपमा अगाडि बढाउने तयारीमा छन ।रासस

# निगुरो बिक्रीबाट घरखर्च चलाउन सहज



**भोजपुर।**
गाउँघरका खोलाखोल्सीमा पाउने निगुरो यहाँका स्थानीयको आम्दानीको स्रोत बनेको छ । सडकको पहुँच विस्तार भएपछि यहाँका स्थानीयले निगुरो बिक्रीबाट आम्दानी गर्न थालेका हुन्।

दुर्गम क्षेत्रको खोलाखोल्सी तथा वनपाखामा पाइने निगुरो ठूला सहरहरुमा पुग्न थालेको छ । टेम्केमैयुङ–५ चोलन्ती, मझौले गाउँका स्थानीयले वनजङ्गलबाट सङ्कलन गरेको निगुरो धरान, इटहरी, विराटनगर, झापा, काठमाडौँलगायत सहरमा जाने गरेको टेम्केमैयुङ–५ का स्थानीय डम्बरबहादुर विष्टले बताए । विगतमा त्यत्तिकै वनपाखा, खोलाखोल्सीमा खेर गइरहेका निगुरोले अहिले गाउँघरमा नै राम्रो मूल्य पाउने गरेको उनको भनाइ छ।

निगुरो लिनका लागि ठेकेदार गाडी लिएर नै गाउँघरमा पुग्ने गरेका छन्।

'यहाँका वनपाखामा पाइने निगुरो बिक्री हुन थालेको छ', उनले भने, 'सडक विस्तार भएपछि बेचबिखन गर्न सहज छ। बर्सेनि यो याममा सङ्कलन गरेर बिक्री गर्दै आएका छौँ । निगुरो बिक्रीबाट घरखर्च चलाउन सहज छ।'

सङ्कलन गरिएको निगुरो प्रतिकेजी ' ४० सम्ममा घरबाट नै ठेकेदारले लैजाने गरेका छन्। पात भएको भन्दा डाँठमात्र भएको निगुरोले राम्रो मूल्य पाउने स्थानीय लालबहादुर विष्टले बताए। निगुरो बिक्रीबाट परिवारको घरखर्च धान्न सहज भएको उनले जानकारी दिए। एक जनाले एक दिनमा एकदेखि दुई डोकोसम्म निगुरो सङ्कलन गर्ने उनको भनाइ छ।

'खोलाखोल्सीको निगुरो सहरबजारमा जान थालेको छ', उनले भने, 'निगुरो हुर्किएपछि गाईवस्तुलाई सोतरका रूपमा प्रयोग गर्दै आएका थियौँ । अहिले त्यही निगुरोले मूल्य पाएको अवस्था छ। सङ्कलित निगुरो बिक्रीका लागि कुनै समस्या छैन।'

उनी प्रजातिमा पर्ने निगुरो पहाड र तराई सबैतिरका वनजङ्गल तथा खोलाखोल्सीमा पाइने वनस्पति हो । निगुरो पहाडी क्षेत्रमा बढी मात्रामा पाइने भए पनि यहाँका गाउँघरका स्थानीयले भने कमैले मात्र खाने गरेका छन्।

स्थानीयवासीले बर्खायाम सुरु भएपश्चात जेठ–असारबाट कात्तिक महिनासम्म निगुरो बेच्दै आएका छन् । वनजङ्गलमा सजिलै पाइने, निगुरो अग्र्यानिक हुने भएकाले सहरका मानिसको रोजाइमा पर्ने गरेको छ। तराईमा पाइने निगुरोभन्दा पहाडी क्षेत्रबाट जाने डाँठे निगुरोको बजारमा राम्रो माग छ।रासस

# ३१ अंकले घट्यो नेप्से कारोबार रकममा पनि गिरावट

**काठमाडौं ।**
साताको पहिलो कारोबार दिन नेप्से परिसुचक ३१.१७ अंकले घट्दै २७४९.८३ बिन्दुमा बन्द भएको छ । यसअघि बिहीवार बजार ३८.१० अंकले घटेर २७८१ बिन्दुमा बन्द भएको थियो ।

यसअघि विहीबार कुल ८ अर्ब ९ करोड ५६ लाख १० हजार ४४५ रुपैयाँ बराबरको १ करोड ७८ लाख ९१ हजार ९१७ कित्ता शेयर कारोबार भएको बजारमा आज भने ३२१ स्टकको ६ अर्ब ६ करोड १८ लाख २२ हजार ३७९ रुपैयाँ बराबरको १ करोड ४८ लाख ५ हजार ५६९ कित्ता बराबर शेयर कारोबार भएको छ ।

आज सेन्सेटिभ इन्डेक्स ५.०३ अंकले घटेको छ । फ्लोट इन्डेक्स २.३१ अंकले घटेको छ भने सेन्सेटिभ फ्लोट इन्डेक्स १.८४ अंकले घटेको छ ।

आज उन्नती सहकार्य लघुवित्तको शेयर मूल्य १५२ रुपैयाँले बढेर प्रतिकित्ता २३९६.०७ रुपैयाँमा अन्तिम कारोबाार भएको छ । आशा लघुवित्त वित्तिय संस्था लिमिटेडको शेयर मूल्य ४२.३९ रुपैयाँले बढेर प्रतिकित्ता १०६१.५६ रुपैयाँमा कारोबार भएको छ । त्यसैगरी, यसदिन ग्लोबल आईएमइ समुन्नत योजनको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । यस कम्पनीको शेयर मूल्य आज सर्वाधिक १० प्रतिशतले घट्दै प्रतिकित्ता १० रुपैयाँमा अन्तिम कारोबार भएको छ ।

नेपाल रिपब्लीक मिडियाको शेयर मूल्य प्रतिकित्ता ७.४५ प्रतिशतले घटेर ४९५.८४ रुपैयाँमा अन्तिम कारोबार भएको छ । यस्तै, छ्याङ्दी हाइड्रोपावरको शेयर मूल्य ७.०७ प्रतिशतले घट्दै २६५.१८ रुपैयाँमा अन्तिम कारोबार भएको छ ।

यसदिन नेपाल रिइन्स्यारेन्स कम्पनी, हिमालयन रिइन्स्योरेन्स कम्पनी, हिमालयन डिस्टिलरि कम्पनी, नेपाल रिपब्लीक मिडिया र पिपुल्स पावर लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै कारोबार भएको छ ।रासस

# नेपाल–बङ्गलादेश 'रग्बी सिरिज' भदौ अन्तिम साता

**काठमाडौँ ।**
नेपाल रग्बी संघको आयोजनामा नेपाल–बङ्गलादेश अन्तरराष्ट्रिय रग्बी सिरिज भदौ अन्तिम साता हुने भएको छ ।

आइतवार आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष दिपक देवकोटाले सिरिजमा रग्बी 'सेभेन' मा दुई र 'फिफ्टिन' मा एक खेल हुने जानकारी दिए ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने सिरिजअन्तर्गत यही भदौ ३० मा रग्बी सेभेन र ३१ मा फिफ्टिनको खेल खेलाइने छ । सिरिजको पहिलो संस्करण सन् २०२२ मा बङ्गलादेशको ढाकामा भएको थियो ।रासस

# इजरायली हमलामा हुथी प्रधानमन्त्रीको मृत्यु अन्य मन्त्री पनि मारिएको दावी



**काठमाडौं ।**
यमनको हुथी विद्रोही यस हप्ताको सुरुमा इजरायली हवाई हमलामा आफ्ना स्वघोषित प्रधानमन्त्री अहमद गालेब नासेरअल–राहवी मारिएको पुष्टि गरेको छ।

इरान समर्थित सो समूहले बिहीबार इजरायल डिफेन्स फोर्स (आईडीएफ) ले यमनको राजधानी सानामा गरेको आक्रमणमा अन्य धेरै वरिष्ठ अधिकारी मारिएको बताएको छ। इजरायली लडाकु विमानहरूले साना क्षेत्रमा एक भेलामा आक्रमण गर्दा राहावी र अन्य वरिष्ठ हुथी अधिकारीहरूलाई मारिएको आईडीएफले जनाएको छ ।सानाबाट अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारलाई हटाए पछि र विनाशकारी गृहयुद्ध सुरु गरेपछि हुथीहरूले २०१४ देखि उत्तर पश्चिमी यमनको धेरैजसो भागलाई नियन्त्रणमा लिएका छन्। हुथीहरूले भने कि राहावीमा धेरै हुथी मन्त्रीहरूसँग मारिएका थिए, यद्यपि यसले अरूको नाम खुलाइएको छैन् । साउदी अरेबियाको समाचार साइट अल–हदथले हुथीका विदेशमन्त्री र न्याय, युवा तथा खेलकुद, सामाजिक मामिला र श्रम मन्त्रीहरू मारिएको रिपोर्ट गरेको छ।

हुथीसका अध्यक्ष महदी अल–मशातको कार्यालयले आक्रमणमा परी अन्य धेरै मन्त्रीहरू मध्यम र गम्भीर घाइते भएका छन् । जसका कारण अब हुथी उपप्रधानमन्त्री मुहम्मद अहमद मिफ्ताहले राहावीको भूमिका ग्रहण गर्नेछन्।

राहावीले अगस्ट २०२४ देखि आफ्नो पद सम्हालेका थिए र सैन्य अपरेशनको योजना बनाउने शीर्ष निर्णय गर्ने सर्कलको हिस्सा नभई धेरै हदसम्म आन्दोलनको एक व्यक्तित्वको रूपमा हेरिएको थियो।

आइडीएफले शनिबार ढिलो एक विज्ञप्तिमा भन्यो कि भेलाको बारेमा गुप्तचर प्राप्त भएको केही घण्टा भित्र नै सो आक्रामण गरिएको हो । यसले अझै पनि अपरेशनको पूर्ण प्रभावको मूल्याङ्कन गरिरहेको बताएको छ ।एजेन्सी

# ऋषिङमा २५ जना किसानद्वारा अकबरेखेती



**तनहुँ ।**
जिल्लाको ऋषिङ गाउँपालिका–८ अर्चलेका किसानले सामूहिक रूपमा पहिलो पटक अकबरे खुर्सानीखेती थालेका छन् । अर्चले कृषक समूहमा आबद्ध भएका २५ जना किसानले २२ रोपनीमा व्यावसायिक खुर्सानीखेती गरेका हुन् ।

उत्पादित खुर्सानी प्रतिकिलो रु २५० देखि रु ३५० सम्म बिक्री हुने गरेको समूहका सदस्य गञ्जसिं गुरुङले जानकारी दिए । उनले भने, 'पहिलो चरणमा एक हजार किलो खुर्सानी बिक्री गरिसकिएको छ, बिक्रीका लागि बजारको समस्या छैन, तर मूल्य उचित पाउन सकिरहेका छैनौँ ।'

उत्पादित खुर्सानी जिल्लाको भीमाद, दुलेगौँडादेखि पोखराका बजारमा बिक्री गर्दै आइएको किसान बताउँछन् । पहिलो चरणमा दुई लाख रुपैयाँ बढीको खुर्सानी बिक्री गरिसकिएको कृषक समूहले जनाएको छ । गाउँपालिकाले खुर्सानका बेर्ना र सिँचाइका लागि ७५ प्रतिशत अनुदान सहयोग गरेको थियो । सुरुमा सामूहिक रूपमा छ लाख रुपैयाँ लगानी गरिएको समूहका अध्यक्ष मिनबहादुर गुरुङले बताए । वैशाखको अन्तिम साता बिरुवा ल्याएर खेती थालिएको बताउँदै उनले भने, 'बिरुवा लगाएको दुई महिनामा फल्न सुरु भएको छ, अब दोस्रो चरणको बिक्रीका लागि तयारी भइरहेको छ ।' ऋषिङ साना किसान कृषि सहकारी संस्थाका अध्यक्षसमेत रहेका गञ्जसिंले पशुपालन र कृषि व्यवसायका लागि किसानलाई सहुलियत दर (सात प्रतिशत)मा ऋण उपलब्ध गराउँदै आएको बताए । 'गाउँका युवा विदेसिनेक्रम बढ्दै गएको अवस्थामा युवालाई स्वदेशमा बसेर काम गर्ने वातावरण र रोजगार सिर्जना गर्ने पहल थालेका हौँ', उनले भने । उत्पादनका लागि यहाँको माटो उर्वरायुक्त रहेकाले जे खेती लगाउँदा पनि प्रशस्त आम्दानी लिन सकिने किसान बताउँछन् । जमिन बाँझो नराख्ने अभियानअन्तर्गत १४० रोपनीमा सुन्तलाखेती सुरुआत गरिसकिएको समूहका सदस्य गञ्जसिंले बताए । उनले भने, 'एक हजार सुन्तलाका बिरुवा लगाइसकिएको छ, तीन हजार बिरुवा लगाउने योजनासहित अघि बढेका छौँ ।' रासस

# खेलाडी रानाको उपचारमा आर्थिक अभाव

**तनहुँ ।**
जिल्लाको देवघाटमा वाइसिएलद्वारा आयोजित फुटबल प्रतियोगितामा घाइते भएकी शुक्लागण्डकी नगरपालिका–१० की ममता रानाको उपचारका लागि रकम अभाव भएको छ फुटबल खेल्दा खुट्टा भाँचिएपछि चितवनस्थित देव अस्पतालमा उनको शल्यक्रिया गरिएको थियो ।

शल्यक्रिया सम्पन्न भएपनि अस्पताललाई एक लाख ४५ हजार रुपैयाँ तिर्न बाँकी रहेको परिवार स्रोतले जनाएको छ । आर्थिक अवस्था कमजोर रहेकाले अस्पताललाई उधारो चेक दिइएको छ । केही दिनभित्र तिर्ने शर्तमा राना हाल घर फर्किनुभएको छ ।




परिवारको आयआर्जनको माध्यम नभएपछि उक्त रकम कसरी तिर्ने चिन्ता लागेको रानाले बताए । उनले भने, 'अस्पताललाई रकम कसरी तिर्ने भन्ने भन्ने चिन्ता लागेको छ । नियमित जाँचका लागि जानुपर्दा पनि पैसा छैन ।' खेलाडीलाई सम्बन्धित निकायले नहेरिदिँदा समस्या हुने उनको गुनासो छ । रानाले तनहुँको प्रतिनिधित्व गर्दै भलिबल र फुटबल खेलिसक्नुभएको छ ।

दमौलीका खेलाडी गङ्गा गुरुङसहित साथीहरूले २० हजार ५०० रुपैयाँ सङ्कलन गरी रानालाई हस्तान्तरण गरेका छन् । सामाजिक अभियान्ता सुदीप गफ्फारले खेलाडीलाई राष्ट्रका गहना भनिए पनि समस्यामा पर्दा सहयोग नगरिएकामा गुनासो गरे । उनले भने, 'अहिले रानालाई उपचारका लागि सहयोगको आवश्यकता छ । आफ्नो ठाउँलाई चिनाउनेका लागि सपनाहरू मारेर लागिपर्नुभएको ममता रानालाई साथ सहयोग र माया गरिदिनुहुन हामी सबैमा हार्दिक अनुरोध गर्दछौँ ।' रासस

# दशैँको पूर्वसन्ध्यामा सुकिला नोट साट्ने व्यवस्था

**काठमाडौँ ।**
दशैँ, तिहारलगायत चाडलाई लक्ष्यित गरेर नेपाल राष्ट्र बैंकले यही भदौ २९देखि असोज १० गतेसम्म सुकिला नोट साट्ने व्यवस्था गरेको जनाएको छ ।

बैंकको मुद्रा व्यवस्थापन विभागले थापाथलीस्थित काठमाडौँ बैंकिङ कार्यालय, राष्ट्र बैंकका प्रदेश कार्यालय र सबै बैंक तथा वित्तीय संस्थाका शाखाबाट बैंक नोट साट्न पाइने आज एक सूचना जारी गरेर जनाएको हो । 'नेपाल राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभाग र प्रदेशस्थित कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) बाट २०८२ भदौ २९ देखि असोज १० गतेसम्म सुकिला नोट सटही गर्न सकिनेछ', राष्ट्र बैंकले सूचनामा भनेको छ, 'साथै बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयहरुबाट पनि सुकिला नोट साट्ने व्यवस्था मिलाइएको छ ।'

चाडपर्वका बेला पाँच, १०, २०, ५० र १०० रुपैयाँ दरका नोटको माग अधिक हुने गरेको छ । चाडपर्वका बेला नै केन्द्रीय बैंकले मैला नोट खिचेर नयाँ नोट बजारमा पठाउँदै आएको छ । राष्ट्र बैंकले आर्थिक वर्ष २०६७÷६८ को मौद्रिक नीति मार्फत 'सफा नोट नीति' सार्वजनिक गरेको थियो । आार्थिक कारोबारमा सफा नोट मात्र प्रयोग गर्ने र झुत्रा नोट बैंक तथा वित्तीय संस्थाले केन्द्रीय बैंकलाई बुझाउने गरेका छन् । अन्तरराष्ट्रिय बोलपत्र आह्वान गरी विदेशमा नोट छापिने हुने गरेको छ । यसो गर्दा राज्यकोषबाट धेरै खर्च हुने भएकाले नोट सफा राख्न केन्द्रीय बैंकले अनुरोध गर्दै आएको छ ।रासस

# अन्नबाली जोगाउन मध्यरातसम्म गस्ती



**मुस्ताङ।**
घरपझोङ गाउँपालिका–१ चिमाङ गाउँमा हिमाली भालुको आतङ्कले बालीनाली सखाप पार्ने क्रम नरोकिएपछि त्यहाँका किसान दैनिक मध्यरातसम्म भालु धपाउन गस्तीमा खटिने गरेका छन् । यहाँका किसानले उत्पादन गरेको स्याउलगायत अन्नबाली भालु पसेर खाइदिएपछि चिमाङ गाउँमा पाँचपाँच जनाको सातवटा समूह बनाएर पालैपालो भालुको गस्ती गर्न थालेका छन्।
स्थानीय सुकबहादुर विश्वकर्माका अनुसार यहाँका किसानलाई भालुले अन्नबाली सखाप पारेर सास्ती दिएको छ। एक्याप संरक्षित क्षेत्रमा हिमाली वन्यजन्तु कालो भालु र मानवबीचको द्वन्द्व बढ्दै जान थालेको छ । समुद्री सतहबाट तीन हजार मिटरको उचाइमा रहेको चिमाङ गाउँ बेनी–जोमसोम सडकमार्गको कालीगण्डकी पारि अग्लो भिरालो स्थानमा अवस्थित छ। घनाजङ्गलको फेदमा अवस्थित त्यहाँका किसानलाई खेतबारीमा लगाएको अन्नबाली जोगाउन धौधौ परेको छ। त्यहाँ उवा र जौँबाहेक सबै अन्नबाली भालुले सखाप पारिदिने गरेको छ।

अन्नपूर्ण संरक्षण आयोजना, इलाका संरक्षण कार्यालय मातहतमा रहेको चिमाङ गाउँमा हिमाली कालो भालुको जत्थाले किसानले उत्पादन गरेको बालीनाली सखाप पारिदिन थालेपछि किसान चिन्तित बनेका छन् । यो समस्या यहाँका किसानले वर्षौंवर्षदेखि झेल्दै आएका छन्। किसानले उत्पादन गरेको स्याउ, फापर, मकै, सिमी र हरियो ताजा तरकारीलगायत अन्नबाली कालो भालु रातको समयमा खेतबारीमा पसेर सखाप पारिदिने गरेको स्थानीय किसानको भनाइ छ।
घरपझोङ गाउँपालिकाले किसानको खेतबारीमा ग्याविनसहित तारजाली लगाएको थियो । तर यहाँ लगाइएको घेराबार तालजालीमाथि उक्लिएर भालुले खेतबारीमा लगाएको अन्नबाली नोक्सान पारिदिएको घरपझोङकी कार्यपालिका सदस्य मनि विश्वकर्माले जानकारी दिए । चिमाङ गाउँ कृषि उत्पादनमा निकै सम्भावना भएको गाउँ हो । यहाँका किसान कृषिमा आत्मनिर्भर छन् । तर, यहाँको मुख्य आम्दानीको रूपमा रहेको कृषि व्यवसायलाई भालुको आतङ्कले दुःख दिन थालेपछि किसान समस्यामा परेका हुन् । भालुको आतङ्क रोक्न गाउँका खेतबारीमा लगाएको तारजालीले काम नगरेपछि त्यसको विकल्पमा एक्याप जोमसोमले गत वर्ष भालु धपाउने यन्त्र (साइरन) जडान गरेको कार्यपालिका सदस्य विकले उल्लेख गरे। तर, त्यस प्रकारको यन्त्रले पनि भालुको आतङ्क रोक्न असफल भएको उनले स्पष्ट पारे।
चिमाङ गाउँका खेतबारीमा तारजाली र भालु धपाउने यन्त्र जडान गरे पनि त्यसले काम नगरेपछि त्यहाँका किसानले छ–सात जनाको समूह बनाएर दैनिक हेरालो बस्न सुरु गरेका थिए। एक्यापले भालु नियन्त्रण गर्न तीन जना कर्मचारीको पारिश्रमिकबापत एक लाख ३० हजार बजेट विनियोजन गरेको थियो। तर भालु नियन्त्रण गर्न तीन कर्मचारीले मात्र नपुगेपछि छ–सात जनाको समूह बनाएर पारिश्रमिक बाँडफाँट गर्यो । चिमाङकी स्थानीय कार्यपालिका सदस्य मनि विश्वकर्माले गाउँमा भालु आयोकि भनी खेतबारीमा गस्ती गर्ने गरेको बताए।
किसानले कृषि उपजको संरक्षण गर्न एक्याप जोमसोमले परीक्षणका रूपमा विद्युतीय तारजाली निर्माण गरेको कार्यालय प्रमुख राजेश गुप्तले जानकारी दिए । सौर्य ऊर्जा प्रणालीबाट विद्युत् प्रवाह हुनेगरी भालु नियन्त्रण गर्न एक हजार २७० मिटर क्षेत्रफलमा विद्युतीय घेराबार निर्माण गरेको कार्यालय प्रमुख गुप्तले बताए। उनले यस कार्यका लागि चार लाख रुपैयाँ बजेट खर्च भएको जानकारी दिए। चिमाङ गाउँमा मात्र होइन, भालुले थासाङ गाउँपालिकामा पनि बर्सेनि भालुको आतङ्कले किसानको बालीनाली सखाप पारिदिने गरेको छ । यहाँको कुञ्जो, ताक्लुङ, छयो, झिप्रा देउराली, सौरु, सिर्खुम र नाउरिकोटलगायत स्थानमा कालो भालुको आतङ्कले किसानलाई निकै सास्ती दिने गरेको छ।रासस

# पाउ पाथिभरामा भेटीबाट एक करोड ४२ लाख सङ्कलन

**झापा।**
मेचीनगरको चारआलीस्थित पाउ पाथिभरा मन्दिरमा भक्तजनले चढाएको भेटीलगायतबाट एक वर्षमा एक करोड ४२ लाख ८१ हजार रुपैयाँ सङ्कलन भएको छ।
पूर्वपश्चिम राजमार्गसँग जोडिएको मेचीनगर–१३ मा २०७१ सालमा स्थापना भएको यस मन्दिरको व्यवस्थापन गर्न पाउ पाथिभरा उत्तरगङ्गा पर्यटन प्रवद्र्धन समिति गठन भएको छ । समितिका अध्यक्ष लोकराज ढकालले आर्थिक वर्ष २०८१÷८२ मा दान पेटिकाबाट ७४ लाख ७४ हजार रुपैयाँ, सहयोग रसिदबाट ४४ लाख ४१ हजार रुपैयाँ , जिन्सी सामान बिक्रीबाट १२ लाख ३८ हजार रुपैयाँ र आजीवन सदस्यताबाट ८८ हजार रुपैयाँ आम्दानी भएको बताए । बैंकमा रहेको बचतको ब्याजबापत पाँच लाख ६० हजार रुपैयाँ , अनलाइनमार्फत आय दुई लाख ५४ हजार रुपैयाँ र विविध आम्दानीबापत ३० हजार ७२० रुपैयाँ सङ्कलन भएको उनले जानकारी दिए।
प्रसिद्ध पाथिभरा देवीको पाउ रहेको पवित्र स्थानको रूपमा पूजापाठ र दर्शन गर्न मन्दिरमा दैनिक सयौँ भक्तजन आउने गर्छन् । भारतको पश्चिम बङ्गाल, सिक्किम, आसामलगायत स्थानबाट पनि यहाँ दर्शनार्थी आउने गरेका छन् । समितिले आम्दानीलाई बैंकमा जम्मा गर्ने र बैंकमार्फत नै खर्च गर्दै आएको जनाएको छ । आम्दानीबाट मन्दिरको पुजारी तथा कर्मचारीको नियमित पारिश्रमिक दिने, आवश्यक भौतिक संरचना निर्माण गर्ने र भक्तजनको सुविधाका लागि विभिन्न खर्च गर्दै आएको छ।
मन्दिरको शौचालय, धाम परिसरमा मार्वल तथा टायल्स बिछ्याउने कार्य र एउटा भवनसमेत बनाउँदा सो आवमा ५७ लाख रुपैयाँ खर्च भएको समितिका अध्यक्ष ढकालले बताए । मन्दिरको नाममा एक करोड १२ लाख २१ हजार रुपैयाँ बैंक मौज्दात रहेको छ। समितिले चार गुरुसहित नौ कर्मचारीलाई करारमा नियुक्त गरेर पारिश्रमिक दिँदै आएको छ।रासस

# पर्यटन प्रवर्द्धन गर्न जनकौली वनमा जिप सफारी

**नारायणगढ।**
चितवनको प्रमुख पर्यटकीय गन्तव्य सौराहाको आडैमा अवस्थित जनकौली मध्यवर्ती सामुदायिक वनमा जिप सफारी सेवा सुरु गरिएको छ। पर्यापर्यटन प्रवद्र्धन र स्थानीय समुदायको जीवनस्तर उकास्ने उद्देश्यले यो सेवा सञ्चालनमा ल्याइएको हो।
सौराहा घुम्न आउने स्वदेशी तथा विदेशी पर्यटकलाई एकसिङ्गे गैँडा, बाघ, जङ्गली हात्ती, भालु, चितुवा, चित्तल, जरायोजस्ता दुर्लभ वन्यजन्तुको अवलोकन गराउने लक्ष्यसहित सफारी सुरु गरिएको वनका अध्यक्ष जोगेन्द्र महतोले बताए।
विसं २०६० देखि मध्यवर्तीसँग जोडिएको यस सामुदायिक वन करिब एक सय छ हेक्टर क्षेत्रफलमा फैलिएको छ। झण्डै दुई हजार उपभोक्ता रहेको वनमा २०६६ सालदेखि यहाँ रहेको ढुङ्ग्रेखोलामा डुङ्गा सेवा पनि सञ्चालनमा रहेको महतोले जानकारी दिए।
उनका अनुसार सफारीका लागि रुटमा पर्यटकले डेढदेखि दुई घण्टासम्म जङ्गल डुल्न सक्ने व्यवस्था मिलाइएको छ। प्रत्येक जिपका लागि आठ सय रुपैयाँ प्रवेश शुल्क र पाँच सय रुपैयाँ संरक्षण शुल्क तोकिएको छ । हाल बिहान र बेलुका गरेर १४ वटा जिप रहेका छन्।
जिप सफारीको सुरुआतसँगै चितवन राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत गणेश पन्तले जनकौलीको जिप सफारी अन्य मध्यवर्ती क्षेत्र विशेषतः बरण्डाभारको सफारीभन्दा छोटो र फरक प्रकृतिको भएको उल्लेख गर्दै यसले पर्यटकीय सम्भावना अझ विस्तार गर्न सक्ने विश्वास व्यक्त गरे। उनले भने, 'नेपालमा आउने ६० प्रतिशतभन्दा बढी पर्यटक संरक्षित क्षेत्रको भ्रमण गर्दछन् । यस क्षेत्रमा पनि त्यसअनुसारको सम्भावना छ । मानव र वन्यजन्तुबीचको द्वन्द्वलाई न्यूनमा झार्ने प्रयास गर्दै, व्यवस्थित रूपमा गतिविधि सञ्चालन गर्न आवश्यक छ।'
पन्तले राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्र फरक प्रकृतिका संरचना भएको उल्लेख गर्दै सामुदायिक वनमा सञ्चालन हुने पर्यटकीय गतिविधिका लागि मध्यवर्ती क्षेत्रको कानुन संशोधन आवश्यक रहेको औँल्याए । उनले सोहीअनुसार हाल वन तथा वातावरण मन्त्रालयले कार्यदल गठन गरी 'मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली' संशोधन प्रक्रिया अघि बढाएको जानकारी दिए । सामुदायिक वनमा जिप सफारीबाट रोजगारी, आयआर्जन र दीर्घकालीन वन्यजन्तु संरक्षणसँग जोडेर अगाडि बढाउनुपर्नेमा जोड दिँदै वरिष्ठ संरक्षण अधिकृत पन्तले आवश्यक सहयोग प्रदान गरिने प्रतिबद्धता पनि व्यक्त गरे । चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएका अन्य केही मध्यवर्ती सामुदायिक वनमा यसअघि नै जिप सफारी सञ्चालन भइसकेका छन्।रासस

# वैशाखदेखि हालसम्म तीन हजार २८१ विपद्का घटना

**काठमाडौँ।**
गत वैशाखदेखि यही भदौ १४ गतेसम्म देशभर कुल तीन हजार २८१ वटा विपद्का घटना घटेका छन्। ती घटनामा परेर दुई सय सात जनाको निधन भएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विपदमा परेर २२ जना बेपत्ता भए भने सात सय ७४ जना घाइते भएका छन्। त्यसबाट पाँच हजार ९६३ परिवार प्रभावित भएका छन्। प्राधिकरणका अनुसार सो अवधिमा घटेका विपद्का घटनामा सबैभन्दा धेरै आगलागी भएको छ । कुल एक हजार १९७ आगलागीका घटना भएका छन् । आगलागीमा परेर १५ जनाको निधन हुँदा एक सय ६५ घाइते भएका छन्।
बाढीका दुई सय ४३ घटना हुँदा २७ जनाको ज्यान गएको छभने २२ बेपत्ता र १० घाइते भएका छन्। बाढीमा परेर एक हजार ७७८ परिवार प्रभावित भएका छन्। सो अवधिमा तीन सय ६८ ठाउँमा पहिरो गएको छ । पहिरोमा परेर १८ जनाको निधन भएको छ भने २८ जना घाइते भएका छन्। पहिरोका कारण चार सय ८१ परिवार प्रभावित भएका छन्। यस्तै, दुई सय ६६ वटा भारी वर्षाका विवरण प्राधिकरणले उपलब्ध गराएको छ। भारी वर्षाका कारण छ जनाको ज्यान जाँदा १२ घाइते भएका छन् भने सात यस ११ परिवार प्रभावित भएका छन्। कुल दुई सय ५८ चट्याङका घटना हुँदा ३१ जनाको ज्यान गएको छ। त्यसमा परेर एक सय ९३ जना घाइते भएका छन् भने तीन सय १७ घरपरिवार प्रभावित भएका छन्।
यसैगरी सर्पदंशका दुई सय ६८ घटना हुँदा ७२ जनाको ज्यान गएको छ। दुई सय दुई जना घाइते हुँदा दुई सय ७२ घरपरिवार प्रभावित भएका छन्। कुल एक सय ५८ वटा वन डढेलोको घटना हुँदा दुई जना घाइते र २७ परिवार प्रभावित भएका छन्। हुरीबतासका दुई सय ८० घटना हुँदा आठ जनाको निधन भएको छ भने ४१ जना घाइते भएका छन्। त्यसबाट पाँच सय ३६ घरपरिवार प्रभावित भएका छन्।
प्राधिकरणका अनुसार जनावर आक्रमणको घटनामा १५ जनाको निधन भएको छ । लेक लाग्नुका ४९, भूकम्प पाँच, डुङ्गा पल्टेर दुई, असिना र माहामारीका एक–एक घटना घटेका छन्। प्राधिकरणले विपद्सँग जुध्नका लागि आवश्यक सतर्कता र सावधानी अपनाउन आग्रह गर्नुका साथै आवश्यक तयारीसमेत गरेको छ।रासस

# गुमेको ज्योति फर्किएपछि खुसी छन् रामेछापवासी



**रामेछाप।**
यहाँका ज्योति गुमेका एक सयभन्दा बढीलाई निःशुल्क आँखा शिविरमार्फत ज्योति फर्काइएपछि उनीहरू अत्यन्तै खुसी भएका छन् । मन्थलीस्थित तामाकोशी सहकारी अस्पतालमा शुक्रबार र शनिबार दुई दिन सम्पन्न निःशुल्क आँखा शिविरमा एक सय १३ जनाको मोतियाविन्दुको शल्यक्रिया मार्फत् यहाँका आँखाका रोगी गुमेको ज्योति फर्काएको थियो । गाउँमै निःशुल्क शिविर सञ्चालन भएपछि समय र पैसाको खर्च गरेर धेरै टाढासम्म जानुपर्ने बाध्यता हटेको, अफ्नो गुमेको ज्योति फर्किएको भन्दै रामेछाप नगरपलिका–८ का केदारनाथ घिमिरेले खुसी व्यक्त गरे।
घिमिरेमात्र होइन, अर्की सेवाग्राही सोनमाया घिसिङ पनि आफ्नो गुमेको ज्योति फिर्ता हुने र दुवै आँखा राम्रोसँग देखिने भएपछि असाध्यै खुसी हुँदै उनले भने, 'जिल्ला सदरमुकाममा आएको आँखा शिविरमा आफूले आँखाको शल्यक्रिया गर्न पाएँ, लामो समयदेखि धमिलो हुने आँखा नदेख्ने समस्या यस शिविरले समाधान गरिदिएपछि आफूहरूलाई निकै सहज भएको छ।'
त्यसैगरी रामेछाप नगरपालिका ओख्रेनीका पूर्ण तामाङ र खाँडादेवी गाउँपालिकास्थित पिङ्खुरीकी मैया तामाङ पनि यो शिविरले आफूहरूलाई निकै सजिलो बनाएको बताउछन।
जिल्ला सामुदायिक आँखा केन्द्र मन्थली, खाँडादेवी गाउँपालिका माकादुम र सामुदायिक विकास समाज मन्थलीको आयोजना तथा सहकार्यमा वरिष्ठ नेत्ररोग विशेषज्ञ सुष्मा दुवालका नेतृत्वमा रहेको ११ जनाको टोलीले शनिबार शिविर सम्पन्न गरेको केन्द्रका प्रमुख उमेश तामाङले बताए।
शिविरमा एक सय ११ जनाको मोतियाविन्दु र तीन जनाको 'माइनर अप्रेशन' सहित एक सय १३ जनाको आँखाको शल्यक्रिया गरिएको जिल्ला सामुदायिक आँखा केन्द्र मन्थलीका आँखा स्वस्थ्य कार्यकर्ता पुष्कल घिमिरेले बताए । सरकारी अस्पतालमा स्वास्थ्य सेवा निःशुल्क भनिए पनि गुणस्तरीय उपचार र औषधि वितरण व्यवहारमा लागू भएको पाइन्न।
निजी तथा गैरसरकारी अस्पतालहरूले जिल्ला सदरमुकाममा वार्षिक रूपमा यस्ता शिविर सञ्चालन गर्दै आइरहेको भए पनि सरकारी निकायले यस्ता रोगप्रति खासै चासो दिएका छैनन्। जिल्ला अस्पताल, विभिन्न पालिका अस्पतालमा पनि योसहित अन्य विशेषज्ञ निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुनसके अझै यहाँका बिरामी काठमाण्डौं वा विभिन्न सहरका अस्पतालहरूमा धाइरहनुपर्ने थिएन।रासस

# गौरापर्व सामाजिक पुनर्मिलनको अवसर होः उपराष्ट्रपति यादव

**काठमाडौँ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले गौरापर्व सामाजिक पुनर्मिलनको अवसर भएको बताएका छन।
गौरापर्व २०८२ का अवसरमा आइतवार शुभकामना व्यक्त गर्दै उपराष्ट्रपति यादवले गौरापर्वले परिवार, आफन्तजन र समुदायबीचको सम्बन्ध पुनः सुदृढ बनाउने विश्वास व्यक्त गरेका छन। गौरी–महेश्वरको आराधना गरिने गौरापर्व धार्मिक आस्था, सांस्कृतिक सम्पदा र सामाजिक एकताको अनुपम प्रतीक हो। यस पर्वमा पाँच प्रकारका अन्नको मिश्रण 'बिरुडा' प्रसादस्वरुप ग्रहण गर्ने परम्परा रहिआएको छ। यस अवसरमा देउडा, धमारीजस्ता लोकनृत्य तथा गीतमार्फत महिला–पुरुष छुट्टाछुट्टै गोलबद्ध भई सामूहिक उत्सवका रूपमा मनाउने चलनले गौरापर्वलाई थप जीवन्त बनाएको छ।
उपराष्ट्रपति यादवले भने, 'हिन्दू नारीद्वारा सुसौभाग्य, शुद्धता, सुख–शान्ति तथा समृद्धिको कामनासहित मनाइने यो पर्व एक सुसंस्कृत अनुष्ठानमात्र नभई भ्रातृत्व, सहअस्तित्व र मातृभूमिप्रतिको गहिरो प्रेमको अभिव्यक्ति पनि हो, विशेषतः विदेशमा रहेकाहरूले यस पर्वका अवसरमा आफ्नो थातथलोमा फर्केर पूजाआराधना गर्नु माटोप्रतिको उनीहरूको निष्ठा र भावनात्मक सम्बन्धको सशक्त प्रमाण हो।'
गौरापर्वले जात, वर्ग, लिङ्ग वा हैसियतको भेदभावबिना सबैले एउटै वृत्तमा हातेमालो गर्दै पर्वको उल्लासमा सहभागी हुने परम्पराले सामाजिक समता, सहिष्णुता र सहअस्तित्वको सन्देश फैलाउने उनको भनाइ छ। 'यस पर्वले हाम्रो मौलिक सांस्कृतिक सम्पदाको संरक्षण तथा भावी पुस्तामा यसको हस्तान्तरणको आवश्यकतालाई पनि स्मरण गराउँदछ', उपराष्ट्रपति यादवको सन्देशमा भनिएको छ।
उपराष्ट्रपति यादवले चाडपर्वलाई केवल धार्मिक अनुष्ठानमा सीमित नराखी, लोककल्याण र सामाजिक समृद्धिको माध्यमका रूपमा प्रयोग गर्न सकियो भने पर्वहरू राष्ट्र निर्माणका आधार बन्न सक्ने विश्वास व्यक्त गर्नुभएको छ । उनले भने, 'गौरापर्वले नेपाली राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई अझ सुदृढ बनाउने विश्वासका साथ पुनः सम्पूर्ण नेपाली समुदायमा यो पावन पर्वका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु।
रासस

# गौरापर्वले मौलिक संस्कृतिको संरक्षण तथा संवर्द्धनमा योगदान गरेको छः राष्ट्रपति पौडेल

**काठमाडौँ।**
राष्ट्रपति रामचन्द्र पौडेलले गौरापर्वले नेपाली मौलिक संस्कृतिको संरक्षण तथा संवद्र्धनमा थप योगदान गर्दै सम्पूर्ण नेपालीमा आपसी समझदारी, सद्भाव, दिगो शान्ति एवं भाइचाराको भावना अभिवृद्धि गर्न प्रेरणा मिलोस् भन्ने कामना गरेका छन।
गौरापर्व, २०८२ को शुभकामना सन्देश दिदै राष्ट्रपति पौडेलले यस्ता पर्वले विविधतामा एकता, सामाजिक एवं सांस्कृतिक ऐक्यबद्धता र सहिष्णुता अभिवृद्धि गरी परिवार तथा समाजलाई जोड्दै राष्ट्रिय एकता सुदृढ पार्न सहयोग गर्ने उल्लेख गरेका छन । उनले गौरापर्वको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गरेका छन।
हरेक वर्ष भाद्र शुक्ल पञ्चमीदेखि अष्टमीका दिनसम्म नेपालका मुलतः पश्चिमी क्षेत्रमा विशेष रूपमा मनाइने यस पर्वले भौगोलिक, धार्मिक, सांस्कृतिक आस्था र आपसी सद्भावलाई प्रगाढ बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको राष्ट्रपति पौडेलले स्मरण गरेका छन।
यस पर्वमा शिव र पार्वती (गौरा) को पूजाअर्चना गरी व्रत बस्ने गरिन्छ, जसको फलस्वरूप शिव र पार्वती तथा इष्ट र कूलदेवता प्रसन्न भई सुख, शान्ति, दीर्घायु र समृद्धि प्राप्त हुने जनविश्वास रहेको छ।
यस पर्वमा पाँच वा सोभन्दा बढी प्रकारका गहुँ, धान, केराउ, मास र गहतजस्ता अन्नबाट बनेको 'बिरुडा' अर्पण गरी प्रसादका रूपमा ग्रहण गरेर मानवीय जीवन, कृषि संस्कृति र पारिवारिक समृद्धिको कामना गरिन्छ।
'यस पर्वका अवसरमा स्थानीयहरू गोलबद्ध भई लोक भाषामा देउडा, धमारी र चैत आदिका माध्यमबाट एकअर्काका दुःख, सुख बाँड्ने गर्दछन् । यस पर्वले बिछोडिएका जोडीहरूको मिलन हुने, आपसी भाइचाराको सम्बन्धमा वृद्धि हुने र पतिपत्नीबीचको सम्बन्ध अझ प्रगाढ हुने विश्वास रहेकाले यसलाई धुमधामपूर्वक मनाउने चलन रहिआएको देखिन्छ', राष्ट्रपति पौडेलको सन्देशमा उल्लेख छ।
हाम्रो समाजमा रहेका यस्ता लोक परम्परा तथा सांस्कृतिक पर्वले विविधतामा एकता, सामाजिक एवं सांस्कृतिक ऐक्यबद्धता र सहिष्णुता अभिवृद्धि गर्ने राष्ट्रपति पौडेलले बताए।
उनले गौरापर्वको महत्वका बारेमा प्रष्ट पार्दै भने 'यस्ता पर्वले परिवार र समाजलाई जोड्दै राष्ट्रिय एकता सुदृढ पार्न, संस्कृतिको संरक्षण गर्न तथा आध्यात्मिक आस्था र मानवीय जीवनको सुख, शान्तिका लागि सहयोग पुर्याउँदै आएका छन् भन्ने मलाई लाग्दछ।'रासस

# दीपाको रहस्यमय मृत्यु, अनुसन्धानका लागि श्रीमान् र ससुरा प्रहरी नियन्त्रणमा

**मनोज माझी**
**सप्तरी ।**

सप्तरीमा दुई महिना अघिमात्र बिवाह भएको एक महिलाको रहस्यम मृत्यु भएको छ । अनुसन्धानका लागि प्रहरीले महिलाका श्रीमान् र ससुरालाई नियन्त्रणमा लिएको छ । दुई महिनाअघि मात्रै बिवाह गरेकी डाक्नेश्वरी नगरपालिका माइती र महादेवा गाउँपालिका घर भएकी महिलाको शंकास्दपद मृत्यु भएको पाइएको छ ।



महादेवा गाउँपालिका वडा नम्बर–१ सोनरा टोल बस्ने दीपक यादवकी पत्नी २१ बर्षीया दीपाको शनिबार मृत्यु भएको छ । बिरामी भएको भन्दै पति दीपक र ससुरा पर्शुरामले शनिबार दीपालाई उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल ल्याएका थिए । तर, अस्पताल पुर्याए लगत्तै चिकित्सकले उनलाई मृत घोषित गरेका थिए । मृतक दीपाको शरीरमा चोटपटक र निलडाम देखिएको प्रहरीले जनाएको छ । घट्ना शंकास्पद देखिएको भन्दै अनुसन्धान अगाडि बढाइएको सप्तरी प्रहरीका प्रवक्ता प्रहरी नायव उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले बताए । 'घाँटीमा निलडगाम देखिएको छ, त्यहीं भएर हामीले अनुसन्धान अघि बढाएका छौं,' उनले भने । उनका अनुसार मृतकको शव पोष्टमार्टमका लागि बीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको छ ।

घटनाको अनुसन्धानका लागि मृतक दिपाका श्रीमान् दीपक र ससुरा पर्शुरामलाई नियन्त्रणमा लिइएको प्रवक्ता बस्नेतले बताए ।

माइती पक्षले दीपाको हत्या गरेको भन्दै प्रहरीमा जाहेरी दिएका छन् । गत ४ असारमा दीपा र दीपकको सामाजिक परम्परा अनुसार बिवाह भएको थियो ।

तर, बिवाह पछि थप दाइजो माग्दै दीपक, पर्शुरामसहितका परिवारका अन्य सदस्यले दीपालाई शारिरीक तथा मानसिक यातना दिने गरेको माइती पक्षको भनाइ छ । दाईजोकै बिषयमा निरन्तर विवाद हुँदै आएको र सोही विवादकै कारण दीपाको उनका श्रीमान् र ससुराले कुटपिट गरी हत्या गरेको माइती पक्षको दाबी छ ।

# उपलब्धि संरक्षण गर्दै सुधारका लागि संशोधन अपरिहार्यः वक्ताहरू

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

संविधान कार्यान्वयनको १० वर्ष पूरा भएको सन्दर्भमा आयोजित अन्तरक्रियामा सहभागी विभिन्न राजनीतिक दलका नेता तथा सरोकारवालाहरूले हालसम्म प्राप्त उपलब्धिहरूलाई संरक्षण गर्दै थप प्रगतिका लागि संविधान संशोधन आवश्यक रहेको बताएका छन् । मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले संविधानका कतिपय प्रावधानहरू व्यवहारमै लागू हुन नसकेको तथ्य प्रस्तुत गर्दै प्रहरी समायोजन प्रक्रिया अहिलेसम्म पूरा नहुनु ठूलो कमजोरी भएको बताए । उनले सगरनाथ वन परियोजना संरक्षणका विषयमा प्रदेश सरकारले सर्वोच्च अदालतमा दायर गरेको मुद्दाको अन्तिम निर्णय आउन ढिलाइ हुँदा वन क्षेत्र बेवारिसे बनेको र तस्करी बढेकोप्रति पनि चिन्ता व्यक्त गरे । नेपाली काँग्रेसका नेता रामसरोज यादवले संघीय प्रणालीले गाउँगाउँमा विकासको लहर ल्याएको स्वीकार गरे । तर, संविधानका आधारभूत सिद्धान्तहरू प्रभावकारी रूपमा कार्यान्वयन नभएकाले समानुपातिक विकास प्रभावित भएको उनको भनाइ थियो । स्थानीय तहसम्म संवैधानिक अधिकारको स्पष्ट र



समानुपातिक वितरण हुनुपर्नेमा उनले जोड दिए । जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक रामअशिष यादवले संविधान कार्यान्वयन गर्ने निकायहरू इमानदार र जिम्मेवार हुनुपर्ने धारणा राखे । त्यस्तै, नेपाली काँग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले समावेशी र समानुपातिक प्रतिनिधित्वलाई अझ प्रभावकारी बनाउन संवैधानिक अधिकारको सही बाँडफाँड अपरिहार्य रहेको बताए । नेकपा (एकीकृत समाजवादी) का प्रमुख सचेतक रत्नेश्वरलाल गोइत र नेतृ बेची र लुङ्गेलीले संविधान कार्यान्वयनलाई सफल बनाउन राजनीतिक नेतृत्वबाट इमानदार प्रयास आवश्यक रहेको टिप्पणी गरे । गाउँपालिका महासंघका प्रदेश अध्यक्ष जवाहरलाल यादवले संघीयताको प्रमुख उपलब्धिलाई जगेर्ना गर्दै स्थानीय तहलाई दलविहीन बनाउनुपर्ने सुझाव दिए । योजना आयोगका पूर्व सदस्य डा. सुरेन्द्र लाभले संविधान संशोधनका एजेन्डामा प्रायः सबै दल सहमत देखिएको भन्दै विशेषगरी निर्वाचन प्रणाली सुधारका लागि संशोधन अपरिहार्य भएको धारणा राखे । कार्यक्रममा संघीय सांसद खिमलाल देवकोटा, नीति तथा योजना आयोगकी सदस्य डा. रिना यादव, अधिवक्ता रेखा झा, एकेडेमीका सदस्य कृष्ण प्रसाद सापकोटा लगायतका वक्ताले संविधान कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि सबै दलबीच सहकार्य र विश्वासको वातावरण बनाउनुपर्नेमा जोड दिए । कार्यक्रमको अध्यक्षता एकेडेमीका पूर्वसभापति परशुराम मेघी गुरुङले गरेका थिए । कार्यक्रममा प्रस्तुत धारणा समेट्दै वक्ताहरूले संविधान कार्यान्वयनका १० वर्षमा प्राप्त उपलब्धिहरूलाई संरक्षण गर्दै संघीयता, समावेशीता र समानुपातिक प्रतिनिधित्वलाई अझ प्रभावकारी बनाउन तत्काल संशोधन आवश्यक भएको निष्कर्ष निकाले ।

# जनकपुरधाममा भारतका विश्वविद्यालयमार्फत अवैध नर्सिङ कार्यक्रम

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

भारतका विश्वविद्यालयहरूको नाममा जनकपुरधाममा अवैध नर्सिङ कार्यक्रम सञ्चालन भइरहेको तथ्य सार्वजनिक भएपछि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) कारबाही प्रक्रियामा उत्रिएको छ । नेपाल नर्सिङ परिषद्को निर्देशनपछि सीटीईभीटीले स्थलगत अनुगमन टोली जनकपुरधाममा खटाएको हो । जनकपुरधामस्थित करिअर केयर कन्सल्टेन्सीले एसियन इन्टनेसनल युनिभर्सिटी (मणिपुर) लगायतका भारतीय विश्वविद्यालयमार्फत नयाँ विद्यार्थी भर्ना र नर्सिङ शिक्षा सञ्चालन गरेको तथ्य फेला परेपछि कारबाहीको प्रक्रिया अघि बढाइएको हो । आइतबार जनकपुरधामका केही कन्सल्टेन्सीमा गरिएको



अनुगमनका क्रममा भारतका विश्वविद्यालयमा विद्यार्थी भर्ना गराएको स्वीकारोक्ति सम्बन्धित सञ्चालकहरूले दिएका छन् । सीटीईभीटीका सदस्य–सचिव महेश भट्टराईका अनुसार करिअर केयर कन्सल्टेन्सीले यस शैक्षिक सत्रमा मात्रै २२ जना विद्यार्थीलाई भारतीय विश्वविद्यालय पठाएको खुलेको छ । अनुगमन टोली सीटीईभीटीका परीक्षा नियन्त्रक उमेश मिश्रको नेतृत्वमा गएको थियो । टोलीले संकलन गरेको विवरणका आधारमा सम्बन्धित कन्सल्टेन्सीविरुद्ध आवश्यक कारबाही अघि बढाइने सदस्य–सचिव भट्टराईले जानकारी दिए । उनका अनुसार नेपाल सरकारले भारतका कुनै पनि विश्वविद्यालयलाई नेपालभित्र नर्सिङ कार्यक्रम सञ्चालन गर्ने अनुमति दिएको छैन । 'विद्यार्थीहरूले त्यस्ता अवैध संस्थामा भर्ना नहुन र सचेत रहन जरुरी छ,' भट्टराईले भने । सीटीईभीटीले नेपालभित्र अनुमति बिना भर्ना तथा शैक्षिक कार्यक्रम सञ्चालन गरे कारबाहीको दायरामा ल्याइने स्पष्ट गरेको छ । अब अनुगमन प्रतिवेदन तयार भएपछि कडा कारबाही अघि बढाइने परिषद्को भनाइ छ ।

# मधेश प्रदेश वन निर्देशनालयमा तालाबन्दी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

भवन निर्माण सम्पन्न भएको एक वर्षभन्दा बढी समय बितिसक्दा पनि भुक्तानी नपाएको आरोप लगाउँदै निर्माण व्यवसायीहरूले आइतबार मधेश प्रदेश वन निर्देशनालय जनकपुरधाममा तालाबन्दी गरेका छन् ।

निर्माण व्यवसायीहरूले २०७९ असार २३ गते भएको सम्झौताअनुसार करिब पाँच करोड लागतको भवन निर्माण सम्पन्न गरे पनि अझै रकम नपाएको गुनासो गरेका छन् । रामजानकी निर्माण सेवाले धरौटी रकमसहित करिब ७० लाख रुपैयाँ अझै भुक्तानी पाउन बाँकी रहेको दाबी गरेको छ ।

पटक–पटक ताकेता गर्दा पनि सुनुवाइ नभएकाले तालाबन्दी गर्न बाध्य भएको उनीहरूको भनाइ छ । वन निर्देशनालयका निर्देशक जगन्नाथ प्रसाद जयसवालले भने भुक्तानीमा ढिलाइ हुनुको कारण ठेकेदार पक्षकै कमजोरी भएको दाबी गरे । उनका अनुसार भवन निर्माण तोकिएको समयमा सम्पन्न नभएपछि एक वर्ष म्याद थपिएको थियो ।

तर, सो अवधिभित्र पनि सम्पूर्ण बिल पेस गर्न ढिलाइ भएकाले भुक्तानी प्रक्रियामा समस्या उत्पन्न भएको उनले बताए । 'कागजी प्रक्रिया र बिलसम्बन्धी त्रुटिका कारण रकम रोकिन पुगेको हो,' जयसवालले भने । यता, निर्माण व्यवसायीहरूले भने सम्झौताअनुसारको सम्पूर्ण काम सम्पन्न गरेर भवन प्रयोगमा ल्याइसकिएको अवस्थामा पनि भुक्तानी



रोकिनु अन्यायपूर्ण भएको आरोप लगाएका छन् । उनीहरूले तत्काल बक्यौता रकम भुक्तानी नभए थप कडा आन्दोलनमा जाने चेतावनीसमेत दिएका छन् । तालाबन्दीका कारण निर्देशनालयको सामान्य सेवा प्रवाह प्रभावित भएको छ । सेवा लिन आएका सर्वसाधारण कार्यालय बन्द देखेपछि अलमलमा परेका छन् ।

# मिथिलाको पहिचान उजागर गर्ने शशिको 'जनकपुरधामके इतिहास'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

पत्रकार तथा साहित्यकार श्यामसुन्दर शशिद्वारा लिखित 'जनकपुरधामके इतिहास' पुस्तकलाई ऐतिहासिक कृति भन्दै वक्ताहरूले प्रशंसा गरेका छन् । १८औं पुस्तकालय दिवसको अवसरमा आइतबार जनकपुरधाममा आयोजित 'पुस्तक परिचर्चा एवम् पठन संस्कृति विकास' शीर्षक अन्तरक्रिया कार्यक्रममा सहभागी विद्वान, पत्रकार र साहित्यप्रेमीहरूले पुस्तकले मिथिलाको ऐतिहासिक पहिचानलाई दस्तावेज गर्ने महत्वपूर्ण योगदान पु¥याएको टिप्पणी गरेका हुन् । ३५९ पृष्ठको यो ग्रन्थ दुई खण्डमा विभाजित छ । पहिलो खण्डमा रामायणकालीन अवस्थादेखि जनक वंशका राजाहरूको नामावलीसम्मको विवरण समेटिएको छ । कर्नाटकका राजादेखि सेनवंशी शासकहरूसम्मको सन्दर्भ प्रस्तुत पुस्तकमा महाकवि विद्यापतिको योगदानसमेत विशेष रूपमा उल्लेख गरिएको छ । त्यस्तै, दोस्रो खण्डमा आधुनिक जनकपुरधामको सामाजिक, सांस्कृतिक र राजनीतिक परिदृश्यलाई समेटिएको छ । पुस्तकले केवल ऐतिहासिक तथ्य मात्र नभई शहरको सांस्कृतिक निरन्तरता र पहिचानलाई पनि उजागर गरेको वक्ताहरूले बताए ।

कार्यक्रममा बोल्दै विभिन्न वक्ताहरूले 'जनकपुरधामके इतिहास' जस्तो पुस्तकले युवा पुस्तालाई मिथिलाको गौरवशाली परम्परा र इतिहासप्रति आकर्षित गर्ने विश्वास व्यक्त गरे । उनीहरूले पठन संस्कृतिको विकासका लागि यस्ता ऐतिहासिक कृतिहरूलाई विद्यालय तथा विश्वविद्यालय स्तरमा अध्ययनको स्रोतका रूपमा प्रयोग गर्नुपर्ने सुझाव पनि दिए । लेखक श्यामसुन्दर शशिले पुस्तक तयार पार्ने क्रममा विभिन्न ऐतिहासिक सामग्री, अभिलेख र मौखिक परम्पराहरूलाई सँगालेर प्रस्तुत गरेको बताए । उनका अनुसार पुस्तक लेखनको उद्देश्य जनकपुरधाम मात्र नभई सम्पूर्ण मिथिला सभ्यताको इतिहासलाई भावी पुस्तासम्म सुरक्षित ढंगले पु¥याउनु हो । अन्तरक्रिया कार्यक्रममा साहित्य, पत्रकारिता र शैक्षिक क्षेत्रका प्रतिनिधिहरूको सक्रिय उपस्थिति रहेको थियो । उनीहरूले जनकपुरधामको इतिहासलाई दस्तावेज गर्न गरिएको शशिको प्रयासलाई 'मूल्यवान योगदान'को रूपमा व्याख्या गरेका थिए ।

# भूमि विधेयकविरुद्ध गौरमा जसपाको प्रदर्शन



**राकेश यादव**
**रौतहट ।**

जनता समाजवादी पार्टी नेपालका कार्यकर्ताहरुले आइतवार रौतहट जिल्लाको सदरमुकाम गौरमा सरकारविरुद्ध प्रदर्शन गरेका छन् । नेपाल सरकारले ल्याएको भूमि विधेयक र सर्वोच्च अदालतले जारी गरेको परमादेशविरुद्ध जसपा नेपालका कार्यकर्ताहरुले विरोध प्रदर्शन गरेका हुन् । भूमि विधेयकबाट मधेशको जंगल विनास हुनुका साथै जग्गा भूमाफियाले कब्जा गर्ने भएकोले मधेशको लागि भूमि विधेयक घातक रहेकोले फिर्ता लिन दवाब सृजना गर्ने उदेश्यले जसपा नेपाल केन्द्रिय कार्यालयले भाद्र ९ देखि १५ गतेसम्म देशभरि विरोध प्रदर्शन गर्ने गरेको घोषणा अनुसार जसपाले गौरमा प्रदर्शन गरेको जिल्ला अध्यक्ष राजिव रंजन यादवले बताए । मधेशी क्रान्ति चौकबाट निस्केको विरोध रैली सरकारविरुद्ध चर्को नाराबाजी गर्दै नगर परिक्रमा गरि पुनः मधेशी क्रान्ति चौकमा कोणसभामा परिणत भएको थियो ।

कोणसभामा जसपा नेताहरुले भूमि विधेयक फिर्ता गर्नु पर्ने, मधेश आन्दोलनको राजनीतिक मुद्दा खारेज गर्नु पर्ने माग गरेका छन् ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन